# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

रूपभन्दा सानो र ध्वनिभन्दा ठूलो ध्वन्यात्मक एकाइलाई नेवृशले 'अक्षर' भनेको छ । त्यस्तै शब्दको वा शब्दांशका आवाजको एउटै प्रयासमा उच्चारित हुने, प्रायः व्यञ्जनसहित वा रहित स्वर भएको सिङ्गो ध्वनि वा ध्वनिसमूहलाई अक्षरका रूपमा चिनाउने प्रयत्न गरिएको छ । पूर्वीय दर्शनले अक्षरलाई नाश नहुने/अविनाशी ब्रह्मस्वरूप ब्रह्म, ईश्वर, परमात्मा भनेर पनि चिनाइएको छ ।

औपचारिक वा अनौपचारिक रूपमा शिक्षा प्राप्त गर्ने तह पूर्वप्राथमिक तह हो अर्थात् शिक्षा प्राप्तिको जग भनेको पूर्वप्राथमिक तह नै हो । पूर्वप्राथमिक तहमा प्रवेश गर्ने वित्तिकै विद्यार्थीलाई अक्षर लेख्ने अभ्यास गराइन्छ । त्यो लेखन अभ्यास क्रमशः विकसित हुँदै जान्छ । यसलाई लिखित अभिव्यक्ति भनिन्छ । यो यान्त्रिक, निर्देशित तथा सिर्जनात्मक प्रकृतिको हुन्छ । यस प्रकारको अभिव्यक्ति शिक्षणमा विभिन्न कार्यकलापहरू जस्तैः हस्तलेखन, अनुलेखन, श्रुतिलेखन, अनुच्छेदलेखन, प्रश्नोत्तरलेखन, सङ्क्षेपीकरणलेखन, विस्तृतीकरणलेखन आदि गराइन्छ । यी सबै प्रकारका लेखन अक्षरलेखनसँग सम्बन्धित छन् ।

## १.२ समस्याकथन

भाषा सिकाइका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार सिपमध्ये लेखाइ सिपका माध्यमबाट सिकाइ अझै प्रभावकारी बन्न जान्छ । उमेर लगायत विभिन्न कारणबाट पूर्वप्राथमिक कक्षाका सम्पूर्ण बालबालिकाहरूमा समान रूपले अक्षरलेखन क्षमताको विकास भएको पाउन सकिँदैन । अक्षरलेखन सिकाइको लागि अपरिहार्य विषयवस्तु भएका कारण यस सिपको विकास बालकको सिकाइका लागि अपरिहार्य रहेको हुन्छ । नेपाली भाषाको शिक्षणका क्रममा पाठ्यक्रम पाठ्यपुस्तकको सम्बन्ध अन्योन्याश्रित रहेको हुन्छ । शिक्षाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने प्रमुख साधन पाठ्यक्रम निर्माण गर्दा सम्बन्धित तहका विद्यार्थीहरूको बौद्धिक स्तर, रूचि, उमेर, पूर्वज्ञान, आवश्यकता आदि आधारमा विषयवस्तु छनोट गर्नुपर्ने हुन्छ । छनोट गरिएका विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरेर

सोही उद्देश्य प्राप्तिका लागि पाठ्यपुस्तक निर्माण गरिन्छ । त्यसैले नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले विद्यालय स्तरका सबै कक्षामा विषयगत पाठ्यक्रमको उद्देश्य पुरा गर्न पाठ्यपुस्तकको निर्माण गरेको छ ।

पूर्वप्राथमिक शिक्षाको विकासका लागि २००७ सालबाटै प्रयास गरिएको पाइए पनि सातौं योजनामा (सन् १९८५-९०) मा आएर मात्र यस शिक्षाको विकाससम्बन्धी कार्यहरूलाई उच्च प्राथमिकता दिएको पाइन्छ । पूर्वप्राथमिक कक्षा सिकाइको प्रारम्भ विन्दु भएका कारण उक्त कक्षाका विद्यार्थीको अक्षरलेखन क्षमता लेखाइ सिपको अध्ययनका लागि अत्यन्त महत्त्वपूर्ण हुन जान्छ । त्यसै परिप्रेक्ष्यमा वर्तमान नेपाली पाठ्यपुस्तक के कति उपयुक्त छ भनेर खोजी गर्ने कार्य नै प्रस्तुत शोधकार्यको प्रमुख समस्याका रूपमा रहेका छ । त्यसैले विद्यार्थीहरूको अक्षरलेखन क्षमतासम्बन्धी समस्याहरूलाई निम्नलिखित बुँदामा समेटिएको छ :

(क) पूर्वप्राथमिक कक्षाका बालबालिकाले अक्षरलेखनको अभ्यास कसरी गर्दछन् ?

(ग) अक्षरलेखनमा के कस्ता भिन्नता पाइन्छन् ?

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्नका लागि उद्देश्यले मार्गनिर्देशन प्रदान गर्दछ । उद्देश्यले नै अनुसन्धानलाई निश्चित गन्तव्यसम्म पुऱ्याउने भएकाले उद्देश्य, सरल, स्पष्ट, सङ्क्षिप्त र मापनीय हुनुपर्दछ । उद्देश्य निर्धारण गर्दा शोधार्थीले शोध समस्यामा केन्द्रित रहेर उद्देश्य निर्धारण गर्नुपर्दछ । शोध समस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्य ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ । शोधकार्यका उद्देश्य शोध समस्यामा आधारित हुने भएकाले त्यसैका आधारमा उद्देश्य निर्धारण गर्नुपर्दछ । प्रस्तुत शोधकार्यका पनि निश्चित उद्देश्यहरू रहेका छन् । जसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) पूर्वप्राथमिक कक्षाका बालबालिकाहरूको अक्षरलेखन अभ्यास पत्ता लगाउनु,

(ख) अक्षरलेखनमा पाइने प्रगतिको लेखाजोखा गर्नु ।

## १.४ सान्दर्भिकता र उपादेयता

भाषाका चार सिपमध्ये लेखाइ पनि अन्य सिप जस्तै प्रशस्त अभ्यासद्वारा प्राप्त हुने गर्दछ । भाषाको लेख्य प्रचलनअनुसार प्रचलित वर्णविन्यासअनुसार लेखाइ मिलेको हुनुपर्दछ । आदानात्मक र प्रदानात्मक गरी भाषाका दुई रूपमध्ये लेखाइ प्रदानात्मक पक्ष हो । कथ्य भाषालाई अभिलेखका माध्यमबाट व्यक्तिका यावत भाव, ज्ञान आदिलाई सुरक्षित र चिरस्थायी बनाउन सकिन्छ । लेखनकला राम्रो भएका मानिस परीक्षा र जीवनमा धेरै नै अगाडि बढ्न सक्छन् । लेखनकला प्राथमिक तहको सुरूदेखि नै एक निश्चित ढाँचा र तरिकाअनुसार सिकाउनु आवश्यक छ । लेखाइलाई अभिव्यक्तिको विशिष्ट रूप मानिन्छ । लेख्य तथा पाठ्य भाषासँग परिचित बनाउने कार्य अक्षर चिनारीबाटै सुरु हुन्छ । अक्षर चिनाउँदा सरलबाट जटिल, ज्ञातबाट अज्ञात रूपबाट चिनाउनु पर्दछ । वर्णमालाको परम्परागत 'क' देखि 'ज्ञ' र 'अ' देखि 'अः' सम्म चिनारी गराउनुभन्दा अक्षरलेखनसँग सम्बन्धित विभिन्न धर्काहरू कोर्न सिकाउनु पर्दछ । अक्षरलेखन गराउँदा सग्ला अक्षर र मात्रा लागेका अक्षर आदिको क्रममा सिकाउनु पर्दछ ।

लेखाइको आवश्यकतालाई ध्यान दिँदा त्यसको अभ्यास पूर्वप्राथमिक कक्षादेखि नै बालबालिकाहरूलाई शिक्षण गर्ने तरिकामा परिचित तुल्याउन सक्षम हुनेछ । यस तहमा प्रायः अभ्यासात्मक किसिमको लेखाइको शिक्षण गर्नु उपयुक्त देखिन्छ । लेखाइको तयारी र त्यससम्बन्धी तौरतरिकाको अभ्यास गरिसकेपछि खासगरी लिपि चिह्न वर्णविन्यासको अनुकरणसम्बन्धी अभ्यास गराउनुलाई अभ्यासात्मक किसिमको लेखाइ मान्न सकिन्छ । बालबालिकाहरूको बसाइको ढङ्ग ढाँचा, कलम समात्ने तरिका, डिको खरी, पेन्सिल जस्ता आधारभूत कुराहरूको थप ज्ञान प्रदान गर्न उक्त अध्ययन सहयोगी हुने देखिन्छ । लेखाइमा बालबालिकाहरूको हात र औँलाको क्रमिक नियन्त्रण, आँखा र हातको सन्तुलनमा ध्यान दिनुपर्छ । कक्षाको स्तर बढ्दै गएपछि विस्तारै विस्तारै उनीहरूलाई अन्य प्रकारका अभ्यास पनि गराउँदै जानुपर्छ । व्यक्तिमा बेला मौकामा आफ्ना कुरा दुरदेशमा रहेका आफन्तहरूमा तुल्याउन लिखित सामग्रीलाई सञ्चित गर्न सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको विशेष आवश्यकता पर्दछ । यस तहमा अभ्यासात्मक किसिमको लेखाइ शिक्षण गर्नु उपयुक्त देखिन्छ । बालबालिकाको सिर्जनात्मक क्षमतालाई सन्तुलन गरी सही प्रयोग गर्न

सक्षम बनाउन उक्त अध्ययन महत्त्वपूर्ण रहने छ । यसका अध्ययनबाट शिक्षक र विद्यार्थी अनुसन्धानकर्ता अभिभावकले पनि लाभ लिन सक्ने देखिन्छ ।

विद्यालय तहमा मौखिक र लिखित शिक्षणलाई महत्त्व दिइएको पाइन्छ । भाषाका चारवटा सिपहरूमध्ये लेखाइ सिपले लिखित अभिव्यक्ति पक्षलाई अँगाल्दछ । कुनै पनि व्यक्तिले भन्न खोजेको कुराहरू कसरी अभिव्यक्त गर्दा रहेछन् भन्ने कुरालाई लेखाइ सिप परीक्षणबाट मात्र स्पष्ट हुन्छ । यस आधारमा लक्षित तह र समुहका विद्यार्थीहरूको लेखाइ क्षमता पहिचान गरी सोही आधारमा भाषिक सिप सम्बद्ध पाठ्यांशलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरण गर्न यस प्रकारका अध्ययनहरूले सहयोग गर्दछन् । पूर्वप्राथमिक तहका विद्यार्थीहरूको अक्षरलेखन क्षमता पहिचान गरी सोही बमोजिमका क्रियाकलापमा सरलता, सहजता मिल्ने अपेक्षा पनि यस शोध अध्ययनबाट गरिएको छ । विद्यार्थीहरूको लेखन क्षमता पहिचान गरी आवश्यक सामग्री र शैक्षिक क्रियाकलाप सञ्चालनमा यस अध्ययनले सूचना दिएको छ । यसैगरी गतिशील समयसँगै पाठ्यक्रम पाठ्यसामग्री, शिक्षण प्रक्रिया र पद्धति परिमार्जन गर्दै लैजान तथा विद्यार्थीहरूको भाषिक लेखन क्षमतासम्बन्धी अध्ययन गर्न अध्येताहरूलाई जति प्रस्तुत अध्ययन सन्दर्भ सामग्रीको भूमिका निर्वाह गर्दछ ।

पूर्वप्राथमिक तहदेखि शुद्ध स्पष्ट लेखनकार्यले भविष्यमा लिखित समस्या समाधानका साथै विद्यार्थीहरूको भाषिक सिप विकासका लागि पूर्वप्राथमिक तहदेखि शुद्ध स्पष्ट लेखन क्षमता विकासका लागि प्रस्तुत अध्ययनको औचित्यलाई सुनिश्चित गर्न सकिन्छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

अनुसन्धान कार्यको सीमा भन्नाले क्षेत्र र सीमा भन्ने बुझिन्छ । जुनसुकै कार्यलाई अध्ययन अनुसन्धान गरी अगाडि बढाउनका लागि सीमाको जरूरी पर्दछ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । यसअन्तर्गत ठाउँ, परिवेश, समान, सामग्री आदिजस्ता वस्तुहरूको प्रयोग अनुसन्धानमा आवश्यक हुने गर्दछ ।

अनुसन्धानको विषय आफैंमा विस्तुत र व्यापक हुन्छ । अनुसन्धान कार्य एउटा जटिल कठिन र चुनौतीपूर्ण कार्य हो । उक्त कठिन कार्य सम्पन्न गर्नका लागि अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्न कुन विषयको के र कति अध्ययन गर्न भनी उल्लेख गर्नुपर्दछ । यसरी खास विषय शीर्षकसँग सम्बन्धित ठूलो क्षेत्रलाई विशिष्टीकृत गरिने कार्य सीमाङ्कन हो । शोधकार्यको सीमाङ्कनबाट नै अनुसन्धानको क्षेत्र, समयावधि, वातावरण, आर्थिक भार आदि कुराका बारेमा स्पष्ट जानकारी हुन्छ । अतः प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) पूर्वप्राथमिक कक्षामा अध्ययनरत बालबालिकाको अक्षरलेखन अभ्यासमा मात्र सीमित रहेको छ ।

(ख) महोत्तरी जिल्लाका दुईवटा सामुदायिक विद्यालयका जम्मा २० जना विद्यार्थीहरूमा मात्र अध्ययन सीमित रहेको छ ।

(ग) नेपाल सरकारद्वारा तयार पारिएको मेरो नेपाली किताब र निजी संस्थाद्वारा तयार पारिएको पाठ्यपुस्तकलाई आधार बनाई विद्यार्थीहरूको अक्षरलेखनमा केन्द्रित गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपादेयता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिकाका लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थिति रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षालाई वाङ्मय समीक्षा, सम्बन्धित साहित्यको पुनरावलोकन पनि भन्ने गरिन्छ । तर पूर्वकार्यको समीक्षा नै बहुप्रचलित पदावली हो । कुनै पनि अनुसन्धाताले आफूले अनुसन्धानकार्य प्रारम्भ गर्नुअघि विभिन्न क्षेत्रका सामग्रीहरूको अध्ययन गर्नु आवश्यक हुन्छ (भण्डारी, २०७४ :१०२) । अनुसन्धान कार्य आफैँमा एक जटिल र महत्त्वपूर्ण कार्य हो । कुनै पनि कार्यको थालनी गर्नुपूर्व तत्सम्बन्धी कार्यलाई अध्ययन चिन्तन र मनन गर्नु उपयुक्त हुन्छ । उक्त कार्यले सम्बन्धित विषय क्षेत्रमा यसअघि के कस्ता अनुसन्धान भएका छन् र के कस्ता अनुसन्धान बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ । भाषा शिक्षणमा पाठ्यपुस्तकका रूपमा अक्षरलेखन पनि एउटा प्रमुख कार्यकलाप हो, सो कार्यकलाप पूर्वप्राथमिक कक्षाबाट नै सुरूवात गर्नुपर्ने भएकाले यो भाषा शिक्षणको प्रमुख तथा जटिल विषयको रूपमा रहेको छ ।

पूर्वप्राथमिक तहका बालबालिकाहरूको अक्षरलेखन क्षमताको अध्ययन अनुसन्धान कमै मात्रामा भएको पाइन्छ । प्रस्तुत अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक प्रकाशन तथा लेखनकला विकासका प्रारम्भिक कार्यकलापहरूअन्तर्गत रहेर सम्बन्धित शीर्षकहरूसँग मिल्दाजुल्दा विभिन्न तहका पाठ्यपुस्तक शोधपत्रहरूका आधारमा समीक्षा गरिएको छ :

### २.१.१ पुस्तकको समीक्षा

अधिकारी (२०५०) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' अत्यन्त उपयुक्त सामग्री मानिन्छ । यस पुस्तकको अध्याय तिनमा अक्षर शिक्षणअन्तर्गत परम्परागत नेपाली वर्णमालाको परिचय उपशीर्षकमा परम्परागत वर्णमालाको उल्लेख गरिएको छ । १३ स्वरवर्णहरू अ आ इ ई उ ऊ ऋ ए ऐ ओ औ अं अः र ३६ व्यञ्जन वर्णहरू क देखि ज्ञ

सम्मका वर्णमालामा उल्लेख भएका लिपिचिह्नहरूलाई नै अक्षर भनिएको छ । य र व वैकल्पिक रूपमा उच्चारण हुने वर्णका रूपमा उल्लेख गरिएको छ । ञ ण ऋ उच्चारण र लेखाइमा बेग्लै हुन्छन् भन्ने ऋ ले री को प्रतिनिधित्व गर्ने कुरा उल्लेख गरिएको छ । श ष स तिन लिपि चिह्नहरूको एउटै उच्चारण ह्रस्व र दीर्घका लिपि चिह्नले उच्चारणमा खास फरक नपर्ने (इ ई उ ऊ) संयुक्त उच्चारण हुने अक्षरमा क्ष-छ्य, त्र-तर, अं-अम् , अः अह हुन् । यिनीहरूले एकभन्दा बढी वर्णहरूको प्रतिनिधित्व गरेकोले यी संयुक्त वर्ण हुन् भनी उल्लेख गरिएको छ ।

पौडेल (२०७०) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' पुस्तकमा लेखनकला शिक्षणका विभिन्न पक्षहरूको चर्चा गरिएको छ । जहाँ लेखनकला शिक्षणको परिचय, प्रकार, प्रयोजन, कार्यकलाप, महत्त्व, आवश्यक तत्त्वहरूको शुद्ध उच्चारण शब्दज्ञान, विराम चिह्न, अक्षरलेखन, ध्वनि परिवर्तन रूचि जस्ता पक्षहरू उल्लेख गरिएको पाइन्छ । लेखनकला शिक्षणको चर्चाको क्रममा त्यसको उत्कृष्ट पक्ष यान्त्रिक, निर्देशन र स्वतन्त्र वा सिर्जनात्मक लेखनकला समेत उल्लेख गरिएको पाइन्छ । त्यसैगरी उक्त पुस्तकमा लेखाइ सिपका सीमा, दोष र कमजोरी प्रस्तुत गर्नुका साथै लेखनकला शिक्षणका कमजोरी सुधारका उपायहरू समेत उल्लेख गरेको पाइन्छ । उपयुक्त तथ्यहरू प्रस्तुत गरिएको हुनाले यो पुस्तक पनि प्रस्तुत शोधकार्यका लागि उपयोगी हुने देखिन्छ ।

ढुङ्गेल र दाहाल (२०७०) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' पुस्तकमा लेखनकला शिक्षण र अक्षरलेखनको प्रारम्भिक अवस्थामा विभिन्न आकार प्रकारका धर्काहरूको लेखन अभ्यासबाट क्रमिक रूपले अक्षरलेखनमा सरलबाट जटिल लिपिचिह्न सिकाउनुपर्ने कुरा उल्लेख गरिएको छ । यसमा अक्षर सिकाउँदा पूर्णरूपमा विभिन्न आकार प्रकारका धर्काहरू र त्यसपछि क्रमिक रूपमा आधार अक्षरलाई लिएर लेखाइ क्रम सिकाउनुपर्ने कुराहरू राखिए पनि यसमा विद्यार्थीहरूमा अक्षरलेखन सम्बन्धित समस्याका सम्बन्ध उल्लेख गरिएको पाइदैन् । पहिलो भाषा नेपाली बोल्ने र दोस्रो भाषा नेपाली बोल्ने विद्यार्थीहरू बीच हुने विभिन्न समस्याहरूको पहिचान गरी त्यसका कमजोरीका पक्षहरूको निराकरण गर्नु उपयुक्त अपनाउन आवश्यक हुन्छ ।

शर्मा र पौडेल (२०७०) द्वारा लिखित 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा नेपाली शिक्षणका कार्यकलाप र बाह्य, भित्री आधारअन्तर्गत बाह्य पक्षमा

अक्षरलेखनका बारेमा सामान्य रूपमा चर्चा गरिएको छ । यसमा अक्षरलेखन शिक्षण प्रक्रिया र अक्षरलेखनका आकारप्रकार बारेमा उल्लेख गरिएको छ । प्रस्तुत अध्ययनको कार्य अगाडि बढाउने क्रममा यसले सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गरिएको छ ।

भण्डारी (२०७४) द्वारा लिखित 'प्राज्ञिक लेखन तथा सम्पादन' पुस्तकमा लेखनकलाअन्तर्गत लिखित अभिव्यक्ति, सामान्य अभिव्यक्ति, सङ्कथन संसक्ति, व्याकरणिक संसक्ति, अनुच्छेदलेखन, व्यक्तिवृत्तलेखन, अभिलेखलेखन, व्याख्यानपत्र, कक्षानोट, टिपोट, पुस्तकसमीक्षा, भूमिकालेखन, सम्पादकीय लेखन, प्रतिवेदन लेखन, अध्ययनपत्रलेखन, लेखसमीक्षा, गोष्ठीपत्र लेखन, पूर्वकार्यको समीक्षालेखन, अनुसन्धानमूलक लेखलेखन, शोधसार लेखन र अनुसन्धान प्रस्तावलेखन आदि लेखलेखनहरू कसरी लेख्ने सिकाउनुका साथै यी लेखन प्रक्रिया बारेमा अध्ययन उल्लेख गरिएको पाइन्छ । उपयुक्त तथ्यहरू वा लेखहरू प्रस्तुत गरिएको हुनाले यो पुस्तक पनि प्रस्तुत शोधकार्यका लागि उपयोगी हुने देखिन्छ ।

### २.१.२ शोधकार्यको समीक्षा

सिलवाल (२०६६) द्वारा 'कक्षा दुईमा अध्ययनरत बालबालिकाहरूको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकमा शोध गरिएको पाइन्छ । उक्त अध्ययन सिन्धुपाल्चोक जिल्लाको ४ वटा विद्यालयका कक्षा २ का ५-५ जना विद्यार्थीमा केन्द्रित भई गरिएको छ । यस अध्ययनले कक्षा दुईको नेपाली किताबबाट शब्दहरू चयन गरिएको छ । ती शब्दहरूलाई वर्गीकरण गरिएको छ जसमा स्वर र व्यञ्जन वर्णहरू, सग्ला अक्षर भएका शब्दहरू, मात्रा सहितका शब्दहरू, संयुक्त अक्षरहरू र विभेदक खालका शब्दहरू टिपिएको छ । सरल वाक्यहरूमा पनि अनुलेखन र श्रुतिलेखन गराई यिनको विश्लेषण समेत गरेको पाइन्छ । यसरी यस अध्ययनबाट विविध लेखाइ सिपसम्बन्धी त्रुटिहरू देखिनुको मुख्य उपायहरू समेत देखिन्छ । सग्ला अक्षर र मात्रा लागेका अक्षरलेखन क्षमता स्वरको पहिचान र विश्लेषण गरिएको छ ।

भट्टराई (२०६८) द्वारा 'बालकक्षा (पूर्वप्राथमिक) मा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकमा शोध गरिएको पाइन्छ । भट्टराईको उक्त अध्याय काठमाडौं दक्षिणभेगका सामुदायिक र संस्थागत गरी १० ओटा विद्यालयमा गरिएको छ । नमुना छनोटका रूपमा २६० जना विद्यार्थीहरूलाई लिइएको पाइन्छ । उक्त अध्ययन

विश्लेषण गर्दा धेरैजसो विद्यार्थीहरूमा अक्षरलेखन गर्दा लैङ्गिक आधारमा छात्र र छात्रा बीचको अक्षरलेखनमा सार्थक अन्तर छैन, भाषिक पृष्ठभूमिका आधारमा दोस्रोभाषी विद्यार्थीहरू नेपाली अक्षरलेखन क्षमतामा कमजोर देखिएका छन् भने नेपाली मातृभाषीहरूको अक्षरलेखन क्षमता उच्च रहेको देखिन्छ । विद्यालयको प्रकृतिका आधारमा निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमता सार्थक अन्तर रहेको छ । जातिय आधारमा बाहुन र नेवार जातिका विद्यार्थीबीच नेवार जातिका विद्यार्थीहरूको प्राप्ताङ्कको तुलनामा बाहुन जातिका विद्यार्थीहरूको अक्षरलेखन क्षमतामा सार्थक अन्तर छैन । समग्रमा उक्त अध्ययनले विद्यार्थीहरूको अक्षरलेखन क्षमता सामान्य रहेको पाइयो । यस शोधकार्यको अध्ययनपश्चात् प्रस्तुत अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण हुन जान्छ ।

थापा (२०६९) द्वारा 'काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन' शीर्षकको स्नातकोत्तर शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पाठ्यक्रमले निर्दिष्ट गरेका लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन गर्नु, उक्त कक्षामा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको तुलना, उक्त कक्षामा अध्ययनरत नेपाली मातृभाषा र दोस्रो भाषी विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन तुलना गर्नु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूले लेख्यचिह्न प्रयोगमा गर्ने त्रुटिहरूको पहिचान गरी त्रुटि न्यूनीकरणका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । काभ्रे जिल्लाका तिनवटा सामुदायिक र तिनवटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा छनोट गरी प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले ६० जना विद्यार्थीलाई आधार मानी शोधकार्य गरिएको छ । उक्त जनसङ्ख्यामा ५ ढाँचाका लेख्यचिह्नसम्बन्धी समस्या रहेका प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्रताको दृष्टिले लेख्यचिह्न प्रयोग क्षमता मध्यमानका आधारमा विश्लेषण गर्दा मध्यमानभन्दा माथि बहुसङ्ख्यक विद्यार्थी ५५ प्रतिशत रहेकाले लेख्यचिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । पूर्वप्राथमिक तह शिक्षण सिकाइ प्रक्रियाको प्रारम्भ विन्दु भएकाले माथिल्लो तहको शिक्षण प्रक्रिया सम्पन्न

गर्न र विद्यार्थीहरूको लेखन क्षमता अभिवृद्धिका लागि उक्त शोधको महत्त्ववूर्ण भूमिका देखिन्छ ।

धिमाल (२०६९) द्वारा 'कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । धिमालको उक्त अध्ययन काठमाडौँ जिल्लाका ३ वटा सरकारी र ३ वटा संस्थागत गरी ६ वटा विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई लिइएको पाइन्छ । उक्त अध्ययन विश्लेषण पूर्णविराम, अल्पविराम र उद्गार चिह्न प्रयोगसम्बन्धी आवश्यक सूचना दिनका लागि चार प्रकारका विषयगत प्रश्नोत्तर (वस्तुगत प्रश्न, श्रुतिलेखन, निबन्धलेखन र स्वतन्त्रलेखन) उल्लेख गरिएको छ। परीक्षण गर्दा उत्तर कुञ्जिकाको आधारमा समेत गरेको पाइन्छ।

खतिवडा (२०७१) द्वारा 'इलाम जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ। उक्त शोधपत्रमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा श्रुतिलेखन क्षमताको अध्ययन गर्नु वाक्यगठनका आधारमा छात्र र छात्राको श्रुतिलेखन क्षमताको अध्ययन गर्नुलाई प्रमुख उद्देश्यमा समावेश गरिएको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी इलाम जिल्लाका पाँच सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना छनोट गरी अध्ययन गरिएको छ । उक्त शोधपत्रमा भाषिक पृष्ठभूमिका आधारमा वाक्यगठन, चिह्न प्रयोग, वर्णविन्यासको विश्लेषण श्रुतिलेखन क्षमताको प्रतिशत गणना र मध्यमान निकाली नतिजाको विश्लेषण गरिएको छ। उक्त शोधपत्र प्रस्तुत शोधपत्र लैङ्गिक, भाषिक पृष्ठभूमिका आधारमा अक्षरलेखन क्षमता पहिचानसँग मिल्ने देखिन्छ । उक्त शोधपत्रमा श्रुतिलेखनअन्तर्गत भाषिक पृष्ठभूमिका आधारमा वाक्यगठन, चिह्न प्रयोग र वर्णविन्यासको विश्लेषण गरी निष्कर्ष निकालिएको छ, जुन प्रारम्भिक तहका बालबालिकाका लागि अक्षरलेखन क्षमता विकासमा उपयोगी देखिन्छ।

ढकाल (२०७२) द्वारा 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा सातका अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पत्ता लगाउनु, विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीको निबन्धलेखन क्षमता पत्ता लगाउनु र लैङ्गिक

आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउनु उद्देश्य राखिएका छन् । उक्त अनुसन्धानले विद्यार्थीहरूको स्तर, तह, क्षमता र मनोवैज्ञानिक पक्षहरूको ख्याल गर्दै शिक्षणलाई योजनाबद्ध र स्तरीकृत तरिकाले सञ्चालन गर्नुका साथै विद्यार्थीमा लेखाइ सिप र अभिव्यक्ति क्षमताको विकास टेवा पुऱ्याउने देखिन्छ । यस शोधकार्यको अध्ययनपश्चात् प्रस्तुत अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण हुन् जान्छ । उक्त शोधपत्र यस अध्ययनका लागि सान्दर्भिक देखिन्छ ।

दाहाल (२०७२) द्वारा 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्य कक्षा एकका अध्ययनरत विद्यार्थीहरूको सग्ला अक्षर र मात्रा लागेका अक्षरलेखन क्षमता पहिचान गर्नु, लैङ्गिक, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अक्षरलेखन क्षमताको पहिचान गरी विश्लेषण गर्नु र विद्यार्थीहरूका अक्षरलेखन क्षमता कार्यमा समस्याका क्षेत्रहरू पहिचान गरी समस्या समाधानका लागि आवश्यक सुझाव दिनु उद्देश्यहरू निर्धारण गरी सर्वेक्षण विधिमा आधारित भई तयार गरिएको छ । यस अध्ययनले पनि अध्येयतालाई पुग्ने भएकाले सान्दर्भिक देखिन्छ ।

खनाल (२०७३) द्वारा 'कक्षा पाँचका अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न पहिचान क्षमताको अध्ययन' शीर्षकको स्नातकोत्तर शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पाठ्यक्रमले निर्दिष्ट गरेका लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन गर्नु, उक्त कक्षामा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको तुलना गर्नु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा, विद्यालय प्रकृति र लैङ्गिक आधारमा लेख्यचिह्न प्रयोग क्षमताको तुलना गर्नु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूले लेख्यचिह्न प्रयोगमा गर्ने त्रुटिहरूको पहिचान गरी त्रुटि न्यूनीकरणका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । नागार्जुन नगरपालिकाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा छनोट गरी प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले १०० जना विद्यार्थीहरूलाई आधार मानी शोधकार्य गरिएको छ । यस विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग गरी छुट्टाछुट्टै आधारमा मध्यमान निकालिएर निष्कर्ष विश्लेषण गरिएको

छ । उक्त कक्षामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीभन्दा गैरनेपाली मातृभाषी विद्यार्थीहरू नेपाली लेख्यचिह्न प्रयोगमा कमजोर रहेछन् । प्राथमिक तहमा जानुपूर्व नै विद्यार्थीहरूले पूर्वप्राथमिक तहको अध्ययन गर्ने भएकाले उनीहरूको लेख्यचिह्न क्षमताको महत्त्व राख्दछ । पूर्वप्राथमिक तह शिक्षण सिकाइ प्रक्रियाको प्रारम्भिक विन्दु भएकाले माथिल्लो तहका शिक्षण प्रक्रिया सम्पन्न गर्न र विद्यार्थीहरूको लेखन क्षमता अभिवृद्धिका लागि उक्त शोधले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

महरा (२०७३) द्वारा 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकको शोधकार्य तयार गरिएको छ । उक्त शोधपत्र एक कक्षामा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक, विद्यालय प्रकृतिका आधारमा अक्षरलेखन क्षमता अभिवृद्धि गराउनका लागि आवश्यक सुझाव दिनु उद्देश्य राखिएको छ । मूलतः प्राथमिक स्रोतका सामग्रीलाई आधार बनाई तथ्याङ्क सङ्कलन गरिएको पाइन्छ । कञ्चनपुर जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोट गरी मध्यमान र प्रतिशतका आधारमा तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उक्त निष्कर्ष प्रस्तुत शोधपत्रको एक कक्षामा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक, विद्यालय प्रकृतिका आधारमा अक्षरलेखन क्षमता समस्यासँग मिल्ने देखिन्छ । कक्षा एकमा जानुपूर्व नै पूर्वप्राथमिक तहको अध्ययन गर्ने भएकाले उनीहरूको अक्षरलेखन क्षमताले अत्यन्त महत्त्व राख्दछ । पूर्वप्राथमिक तह शिक्षण सिकाइ प्रक्रियाको प्रारम्भ विन्दु भएकाले माथिल्लो तहको शिक्षण प्रक्रिया सम्पन्न गर्न र विद्यार्थीहरूका लेखन क्षमता अभिवृद्धिका लागि उक्त शोधले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

शर्मा (२०७३) द्वारा 'कक्षा छमा अध्ययनरत अवधिभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृति र लैङ्गिक आधारमा सस्वरपठन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको पाइन्छ । बाँके जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा अध्ययनरत १०० जना अवधीभाषी विद्यार्थीहरूलाई आधार मानी शोधकार्य गरिएको छ । उपयुक्त अध्ययनमा कक्षा छको नेपाली पाठ्यपुस्तकभित्रबाट कथा, जीवनी र प्रबन्धलाई आधार सामग्रीका रूपमा प्रयोग गरेको

पाइन्छ । तिनै सामग्रीका आधारमा सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । यो शोधकार्यको अध्ययनले प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार निर्माण हुनका साथै दुई फरक पृष्ठभूमिका विद्यार्थीहरूको तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सकिन्छ ।

## २.२ पूर्वकार्यको पुनरावलोकनको महत्त्व

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर र तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वाध्ययन समीक्षाले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ । पूर्वाध्ययन समीक्षाले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धानलाई समेत सम्बन्धित विषयमा पूर्ण विज्ञ बन्न मद्दत गर्दछ । पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षकचयन गर्न सहयोग गर्दछ । सम्बन्धित विषयको गहिरो ज्ञान गर्न, अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ । अनुसन्धान ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न पूर्वकार्यको समीक्षाले सघाउ पुऱ्याउँछ (भट्टराई, २०६८ : १६९) । कुनै पनि अनुसन्धाताले आफूले अनुसन्धान कार्य प्रारम्भ गर्नुअघि विभिन्न क्षेत्रका सामग्रीहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । जसले आफ्नो विषयमा सैद्धान्तिक आधारहरू प्रदान गर्दछ । त्यस्तै पूर्वस्थापित मान्यता एवम् सिद्धान्तहरूका साथै प्रविधिको प्रयोग कसरी गर्ने भन्ने विषयमा पनि पूर्वकार्यको अध्ययनले सहयोग पुऱ्याउँछ । पूर्वकार्यको पुनरावलोकनबाट समय, साधन, स्रोत र श्रमको बचत हुन्छ (भण्डारी, २०७४ : १०२) ।

कुनै पनि विषयमा शोधकार्य गर्नुभन्दा पहिले विगतमा त्यससम्बन्धी गरिएको खोज अनुसन्धानका बारेमा अध्ययन गर्नुका साथै आफूले गर्न लागेका विषयसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित कृतिहरूको अध्ययन गर्नुपर्ने हुन्छ । अनुसन्धानका क्रममा यी विभिन्न कार्य गर्नुलाई नै पूर्वकार्यको अध्ययन भनिन्छ । यो एक महत्त्वपूर्ण कार्य हो ।

## २.३ अक्षरलेखनको सैद्धान्तिक अवधारणा

भाषा मानविय र सामाजिक वस्तु हो । भाषा शिक्षण भनेको भाषाको बारेमा मात्र शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषाका आधारभूत सिप हुन् । भाषिक सिप मूलतः दुईवटा छन् ग्रहण र अभिव्यक्ति । ग्रहण भनेको आदानात्मक र अभिव्यक्ति भनेको प्रदानात्मक सिप हो । ग्रहणभित्र श्रुति (सुनाइ) र पठन (पढाइ) सिप पर्छन् भने अभिव्यक्तिभित्र वाक् (बोलाइ) र लेखन (लेखाइ) सिप पर्छन् । राम्रोसँग सुन्नु सुनेअनुसारको ध्वनि उच्चारण गरेर बोल्नु, ध्वन्यात्मक उच्चारणअनुसार पढ्नु र उच्चारण सङ्केतअनुसारको लिपि प्रयोग गरेर लेख्नु भाषा शिक्षण सिकाइको अभीष्ट हो । भाषा शिक्षण भाषा प्रयोगका सिपहरूको शिक्षण हो । भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ भने भाषिक सिप प्रमुख हुन्छ । त्यसैले भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने सिपको शिक्षण हो । भाषा फरक हुँदैमा विषयवस्तु फरक हुदैन् । यसैले भाषा शिक्षणमा विषयवस्तुलाई भाषिक सिपहरूको शिक्षण गर्नका लागि उपयोग गरिन्छ (पौडेल, २०७० : २) । भाषामा मौखिक सिप कमजोर भएमा लिप्यात्मक सिप कमजोर हुन्छ, त्यस्तै सुनाइ सिप कमजोर भएको खण्डमा त्यसको असर बोलाइ, पढाइ र लेखाइमा समेत पर्ने गई ती सिपहरू पनि कमजोर हुन्छन् । एउटा सिपको प्रभाव अर्को सिपमा पर्ने जाने अनि प्रत्येक सिप पृथक् रूपमा अस्तित्ववान हुन् नसक्ने भएकाले भाषाका सिपहरू एक आपसमा अन्तरसम्बन्धित रहेका हुन्छन् ।

'लेखन' र 'कला' यी दुई शब्द मिलेर 'लेखनकला' शब्द बनेको हो । लेखन भनेको लेख्ने काम वा लेखाइसम्बन्धी सिप हो र कला भनेको कुनै पनि काम राम्रोसित सम्पन्न गर्ने सिप र कौशल हो । ध्वन्यात्मक सङ्केतलाई लिपिका माध्यमबाट अभिव्यक्त गर्दा लिखित भाषाको उपयोग गर्छन् । कथ्य अभिव्यक्तिबाट विचार आदानप्रदान गर्न नसकिने स्थितिमा मानिसले लेखनको सहयोग लिन्छ । तुलनात्मक दृष्टिले लिखित भाषा स्थायी प्रकृतिको हुन्छ । यसमा स्थानगत र कालगत सीमा हुदैन । व्यक्तिले आर्जन गरेका अनेकौं ज्ञान र सिपलाई आउने पुस्तामा हस्तान्तरण गर्न, एउटा समयको उपलब्धि अर्को समयका लागि सुरक्षित गर्न, इतिहासमा सञ्चित कुराहरूलाई जीवन्त राख्न र आफ्नो भविष्यपछि पनि अरूका निम्ति उपयोगी हुने गरी जोगाइराख्न लेखनकला विशेष उपयोगी हुन्छ (भण्डारी,

२०७४ : १) । अर्को शब्दमा भन्नुपर्दा व्यक्तिका अन्तर्निहित विचार, भाव, अनुभव आदि जस्ता कुरालाई भाषाका माध्यमबाट लिपिबद्ध गर्नुलाई लेखाइ भनिन्छ ।

भाषाका चार सिपमध्ये लेखाइ एक प्रदानात्मक सिप हो । सुनेका, देखेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य लेखाइबाट हुन्छ । आफ्नो अभिव्यक्तिलाई लिपिबद्ध रूपले व्यक्त गर्ने माध्यम लेखाइ हो । अभिव्यक्तिको मौखिक माध्यमलाई बोलाइ भनेर चिनिन्छ भने त्यसको लिखित माध्यम लेखाइ हो । टाढा रहेका व्यक्तिसम्म आफ्ना भावना पुऱ्याउन, कुनै प्रसङ्ग वा विचार आएका कुरा दीर्घकालसम्म सञ्चित गरेर राख्न, दैनिक व्यावहारिक कार्य सम्पन्न गर्न, सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको विशेष खाँचो पर्दछ । लेखाइ अभिव्यक्तिको विशिष्ट सिप भएकाले शिक्षण सिकाइ प्रक्रियाका दृष्टिले लेखाइको निकै महत्त्व देखिन्छ । लेखाइ सिप भाषिक सिप विकासको चौथो आधारभूत सिप हो (अधिकारी, २०७३/७४ : २२८) । व्यक्तिको मनभित्र रहेका भावना स्वविचारलाई लिपिचिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लेखाइमा ध्वनिको सट्टा लिपिचिह्नको प्रयोग गरिन्छ । भाषाको लेख्य प्रचलनअनुसार प्रचलित वर्णविन्यासअनुसार लेखाइ मिलेको हुनुपर्दछ । अदानात्मक र प्रदानात्मक गरी भाषाका दुई पक्षमध्ये लेखाइ प्रदानात्मक पक्ष हो । भाषाको प्रारम्भिक रूप उच्चार्य र श्रव्य हुन्छ, त्यसपछि मात्र पढाइ र लेखाइ प्राप्त हुन्छ । सुनाइ र बोलाइ बालकले घरपरिवार छिमेकको परिवेशबाट स्वतः सिक्दै जान्छ भने लेखन औपचारिक रूपमा सिकाउनु पर्दछ । यसरी ध्वनात्मक माध्यम सुरू भएको भाषा सिकाइको उच्चार्य श्रव्य भाषालाई लिपिबद्ध भाषामा प्रतिस्थापन गर्नुपर्ने हुन्छ । बालकमा सुनाइ र बोलाइको विकास हुँदै गएपछि भाषाको लेख्य माध्यमसँग परिचित गराउन आवश्यक छ ।

कुनै पनि भाषाको आधार भनेको अक्षर वा लिपि हो । नेपाली अक्षरको आधार देवनागरी लिपि हो संस्कृतको लिख् धातुमा अ प्रत्यय लागेर लेख शब्द बन्दछ जसको अर्थ दिँदै महानन्द सापकोटाले आफ्नो शब्द परिचय ग्रन्थमा अक्षर रचना भन्ने अर्थ दिएका छन् । बोली फुटेको बालक विद्यालय प्रवेश गरेपछि अक्षर सुन्ने, बोल्ने, पढ्ने क्रममा अघि बढ्दछ । यसै क्रममा अक्षरहरूको चिनारी गराउने र लेख्न लगाउने भाषिक क्रियाकलाप नै अक्षरलेखन हो । एक वा एकभन्दा बढी ध्वनिहरूको सहयोगबाट एकै झोक्कामा उच्चारण

हुने वर्णभन्दा माथिल्लो र रूपभन्दा तल्लो स्तरको भाषिक एकाइ नै अक्षर हो । यसमा कुनै पनि वर्ण वा वर्ण समूहको उच्चारण हुँदा एकै झोक्कामा बाहिर निस्कन्छ भने त्यस्तो वर्ण वा वर्ण समूहलाई अक्षर भनिन्छ । आक्षरिक र अनाक्षरिक गरी दुई किसिमले वर्गीकरण गरिन्छ । यहाँ आक्षरिक भन्नाले स्वर वर्णहरू र अनाक्षरिक भनेको चाहिँ व्यञ्जन वर्णहरू हुन् । एक वा सोभन्दा बढी वर्णहरूको मेलबाट अक्षर बन्ने भए तापनि व्यञ्जन व्यञ्जन मात्र मिलेर अक्षर बन्न सक्दैन् । अक्षर निर्माणका लागि स्वरवर्ण हुनु जरूरी हुन्छ । स्वरवर्ण मात्र भए पनि अक्षर बन्न सक्छ तर व्यञ्जन वर्णबाट मात्र यो सम्भव हुँदैन । त्यसैले अक्षर शीर्षविन्दुको रूपमा स्वीकार गरिन्छ । स्वर र व्यञ्जन वर्ण मिलेर अक्षर बन्दछ र अक्षरहरूको सहयोगबाट शब्दको निर्माण हुन्छ । यसरी शब्दनिर्माण हुँदा कुनै एकाक्षरी र कुनै द्वयक्षरी, त्रयक्षरी आदि हुन्छन् । शब्दमा अक्षर सङ्ख्या जति बढी भयो त्यति नै प्रयोगमा पनि अस्वाभाविकपन देखिन्छ ।

बोल्दा मुखबाट एकपटकमा निस्किएको वर्णको समूहलाई 'अक्षर' भनिन्छ अथवा लिखित वा उच्चारित ध्वनि वा लिपिलाई 'अक्षर' भनिन्छ । अक्षरलेखन पठनका क्रममा पहिलो खुट्किलो हो । वर्णमालामा रहेका देवनागरी लिपिका ६ वटा स्वर वर्ण र यसका उच्च ७ वटा अतिरिक्त स्वर वर्ण २९ वटा व्यञ्जन वर्ण र अन्य ७ वटा अतिरिक्त व्यञ्जनको सहित जम्मा ४९ वटा लिपिचिह्नको उपयोग गरिएका यिनै वर्णमालाका लिपिचिह्नहरूलाई अक्षर भनिन्छ (शर्मा र पौडेल, २०७० : ३१) । नेपाली भाषाको आधार देवनागरी लिपि हो । यो लिपि नेपाली भाषा सिक्नेका लागि मात्र नभई अन्य विषयको ज्ञान हासिल गर्न समेत आवश्यक पर्दछ, त्यसैले सबै बालबालिकाहरूले अक्षर चिह्न, उच्चारण गर्न, पढ्नका साथै लेखनमा पनि सक्षम हुनुपर्दछ ।

## २.४ लेखनकला शिक्षणका कार्यकलापहरू

### २.४.१ यान्त्रिक लेखन

लिपि चिह्न, वर्णविन्यास, विषयवस्तु र पात्रजस्ता पक्षहरूको अनुकरणमा आधारित लेखनका ढङ्गढाँचा वा प्रविधि पक्षमा जोड दिइने लेखनलाई यान्त्रिक वा आभ्यासिक लेखन भनिन्छ । यान्त्रिकताले टङ्कण मेसिन वा कम्प्युरको उपयोगद्वारा गरिने खालको लेखनलाई पनि समेट्ने स्थिति रहे पनि भाषा शिक्षणका क्रममा लेखनकला शिक्षणभित्र अक्षरलेखन, अनुलेखन, श्रुतिलेखन, साफीलेखन आदि कार्यकलापहरू यान्त्रिक लेखनसँग सम्बन्धित मानिन्छन् । यो लेख्य चिह्न र वर्णविन्यासगत हिसाबले शुद्ध र व्यवस्थित हुन्छ । यसमा प्राविधिक पक्षमा जोड दिइने हुनाले र अभ्यासमा जोड दिने हुनाले आभ्यासिक भनिएको हो । यान्त्रिक लेखन लेखनकलाको प्रारम्भिक प्रयास हो । शुद्धसँग अनुकरण गरी लेख्ने लेखन यान्त्रिक लेखन हो । यान्त्रिक लेखन प्रारम्भिक प्रकृतिको मात्र होइन सुनिश्चितता, क्रमिकता, प्रविधियुक्त एवम् नियम वा प्रक्रिया सहितको सन्तुलित हुने गर्दछ (पौडेल, २०७० : ८८) । यसबाट व्यक्तिमा लेखन क्षमताको विकास हुने गर्दछ ।

### २.४.२ निर्देशित लेखन

निर्देशित लेखन सुनिश्चित ढङ्ग ढाँचा, बुँदा, पूर्व निर्धारित सङ्केत र शिक्षणका निर्देशनअनुसारका सुनिश्चित प्रविधिमा आधारित हुने लेखन हो । यान्त्रिक लेखनको अभ्यासपछि गरिने यस प्रकारको लेखन पनि आभ्यासिक प्रकृतिकै हुन्छ । यसर्थ बुँदाका आधारमा गरिने सारांश, संक्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद, प्रबन्ध, निबन्ध आदि लेखन र वैयक्तिक समस्या निदानका लागि गरिने चिठी र निवेदन रचना पनि निर्देशित लेखनअन्तर्गत पर्छन् र यिनको प्रकृति पनि आभ्यासिक किसिमकै हुन्छ । यसबाट बिस्तारै स्वतन्त्र वा सिर्जनात्मक लेखनका लागि महत्त्वपूर्ण आधार तयार हुन्छ (पौडेल, २०७० : ८९) ।

### २.४.३ स्वतन्त्र तथा सिर्जनात्मक लेखन

सिर्जनात्मक अभिव्यक्ति/सिर्जनात्मक लेखन एक प्रकारको बौद्धिक कार्यकलाप हो । निरन्तर पठन र लेखनमा पर्याप्त अभ्यास भइसकेपछि बौद्धिक लेखनतर्फ लाग्नु राम्रो मानिन्छ । सामान्यतः शिक्षित एवम् बौद्धिक/प्राज्ञिक व्यक्तिले यसप्रकारको लेखनमा

अभिरूचि राख्नु स्वाभाविकै हो । लेखनमा मौलिकता र कल्पनाको पर्याप्त सम्भावना रहन्छ । शैली र शिल्पको परिष्कार आवश्यक हुन्छ । लेखनका परिपक्क अनुभव र विचारलाई प्रभावपूर्ण किसिमले व्यक्त गरिन्छ । सिर्जनात्मक लेखनमा कथा, कविता, निबन्ध, नाटक, समीक्षा, मूल्याङ्कन, प्रतिवेदनजस्ता विधाहरू पर्दछन् । सिर्जनात्मक लेखनमा आभ्यासिक चरण पूरा नगरी विशिष्ट सिर्जनशीलतातिर अघि बढ्न सकिँदैन र स्थापित लेखन पनि हुन् सकिँदैन । त्यसैले सिर्जनात्मक लेखन भनेको सिर्जनशीलता पनि हो र अभ्यास पनि हो (भण्डारी, २०७४ : ३ ) ।

स्वतन्त्र वा सिर्जनात्मक लेखन कुनै खास शीर्षकमा आधारित भएर आफ्ना वैयक्तिक अनुभव र सुझका आधारमा कुनै पनि निर्धारित बुँदाहरूको नियन्त्रणभन्दा बाहिर रही लेख्ने खालको लेखन हो । मौलिकता, काल्पनिकता र शिल्पशैलीको सक्दो र आवश्यक मात्रामा उपयोग गर्दै लेख्ने छुट्टै यसमा हुने भएकाले यसमा वैयक्तिकता प्रबल हुन्छ, प्रवाहमय शैली र आकर्षक शिल्प प्रविधि मानिन्छ । कथा, कविता, नाटक, समीक्षा, आदि लेखन यसका उदाहरण हुन् र यो उच्च स्तरीय लेखन मानिन्छ । आफूले जानिसकेका अक्षरहरूमध्ये आफूखुशी लेखन अभ्यास र लिखित रूपमा स्वतन्त्र अभिव्यक्त गर्ने अभ्यासलाई स्वतन्त्र लेखन भनिन्छ । यसबाट व्यक्तिमा सिर्जनात्मक लेखनको विकास र मौलिकता आदिको विकास हुने गर्दछ ।

## २.५ अक्षरलेखनका प्रारम्भिक कार्यकलापहरू

पूर्वप्राथमिक तहदेखि माध्यमिक तहसम्म र अझ त्यसभन्दा माथिल्ला तहसम्म आवश्यकताअनुसार उपयोग गर्न सकिने लिखित अभिव्यक्ति सिप विकाससम्बन्धी कार्यकलापलाई प्रारम्भिक कार्यकलाप भनिन्छ (पौडेल, २०७० : ८९) । लेख्य सिपका विभिन्न कार्यकलापमा आधारित भई लेखनकला शिक्षण गरिन्छ । लेखनकला समग्र शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग पनि हो । सम्पूर्ण कक्षा कार्यकलाप लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् । लेखाइ शिक्षणलाई उद्देश्यपूर्ण चिरस्थायी र प्रभावकारी बनाउन विद्यार्थीको शैक्षिक स्तर, विद्यालयको भौतिक साधनको अवस्था, समयको उपलब्धता विषयवस्तुको प्रकृति आदिलाई ध्यानमा राखेर शिक्षकले शिक्षण कार्यकलापको प्रयोग गर्नु राम्रो मानिन्छ । यिनलाई कक्षाको

स्तर हेरी आवश्यकताअनुसार क्रमशः प्रयोग र स्तरीकरण गर्दै लैजान सकिन्छ । प्रारम्भिक तहका बालबालिकाका लागि निम्नलिखित कार्यकलापहरू गराउन सकिन्छ :

### २.५.१ हस्तलेखन

विद्यार्थीहरूको अक्षरलेखन राम्रो बनाउन अक्षर, शब्द, अनुच्छेद, कुनै पाठलाई धेरै पटक लेख्ने अभ्यासलाई हस्तलेखन भनिन्छ (अधिकारी, २०७३/७४ : २३०) । कुनै पनि अक्षर, शब्द, पदावली वा वाक्यलाई दोहोऱ्याई तेहेऱ्याई लेख्ने अभ्यासलाई हस्तलेखन भनिन्छ । यस्तो कार्यकलाप अत्यन्त प्रारम्भिक कार्यकलाप हो । पूर्वप्राथमिक तह र प्राथमिक तहका कक्षाहरूमा यो कार्यकलाप सञ्चालन गर्न सकिन्छ । विद्यार्थीहरूलाई हस्तलेखनको अभ्यासका लागि दिइने नमुना शुद्ध, स्पष्ट र आकारप्रकार मिलेको हुनुपर्दछ, नमुना दिँदा कक्षाको स्तर सुहाउँदो एउटा वाक्य मात्र दिइनुपर्छ । विद्यार्थीहरूको तह र स्तरलाई हेरेर सग्ला अक्षर भएका शब्द, दुई शब्द पदावली, दुई शब्द वाक्य र छोटा छोटा अनुच्छेदहरू दिएर हस्तलेखन गराउन सकिन्छ । यसबाट विद्यार्थीहरूको शुद्ध सफा र स्तरीय लेखाइको विकासमा मद्दत पुग्दछ (पौडेल, २०७० : ८९) ।

### २.५.२ अनुलेखन

लिपिबद्ध भाषिक सामग्रीलाई वाक्य, अनुच्छेद वा सिङ्गै पाठ क्रमिक रूपमा सार्ने अभ्यासलाई अनुलेखन भनिन्छ । यस किसिमको अभ्यासबाट विद्यार्थीहरूमा आँखा र हातको सन्तुलन मिलाउने र राम्रा अक्षर लेख्ने, हिज्जे शुद्ध लेख्ने अभ्यास समेत हुन जान्छ (अधिकारी, २०७० : २३०) । अनुलेखनको अर्थ सार्नु हो । यो नितान्त आभ्यासिक कार्यकलाप हो । यसलाई पूर्वप्राथमिक वा आधारभूत तहका सुरूका विद्यार्थीहरूका लागि उपयोगी बनाउन सकिन्छ तर त्यसभन्दा माथि पनि अक्षर सफा र राम्रा नभएकाहरूका लागि समेत उपयोगी बनाउन सकिन्छ । वर्णविन्यास, शब्दविन्यास र वाक्यविन्यासका अशुद्धता र अस्पष्टता हटाउन यो कार्यकलाप सहयोगी हुन सक्छ । खासगरी लेख्ने बानी, द्रुत लेखन अभ्यास, सुन्दर अक्षर लेखन क्षमता, शुद्ध वर्णविन्यास, वाक्यविन्यास र अनुच्छेदविन्यास क्षमता, आँखा र हातको सन्तुलन मिलाई लेख्ने बानी र किनारा, अन्तराल आदि मिलाउने प्राविधिक लेखन क्षमता विकासमा यो निकै सहयोगी हुन्छ । प्रारम्भिक तहका लागि यो अनिवार्य र अपरिहार्य हुन्छ (पौडेल, २०७० : ९०) ।

### २.५.३ श्रुतिलेखन

शिक्षकले कुनै शब्द पदावली वाक्य, वाक्य समूह वा अनुच्छेद भन्ने र सुनेका आधारमा विद्यार्थीलाई लेख्ने अभ्यास गराउने कार्यलाई श्रुतिलेखन भनिन्छ । यस लेखनबाट पनि विद्यार्थीमा लेख्ने सिपको विकास हुन्छ (अधिकारी, २०७० : २३१) । श्रुति लेखनको अर्थ सुनेर लेख्ने अभ्यास हो । शिक्षकले विद्यार्थीहरूको स्तर र आवश्यकताअनुसार विभिन्न स्तरमा यस्तो अभ्यास गराउन सक्छन् । यसबाट सुनाइ र त्यसका आधारमा लेख्य क्षमता पनि विकास गर्न सकिन्छ । यस्तो अभ्यास शब्द, पदावली, वाक्य र अनुच्छेद तहमा गराउन सकिन्छ । यो पूर्ण आभ्यासिक कार्यकलाप हो । यसबाट विद्यार्थीमा सतर्कतापूर्वक सुन्ने र सोहीअनुसार लिपिबद्ध गर्दै लेखाइको गति बढाउने क्षमता विकास हुन्छ । पदावली तहमा नाम, विशेषण, क्रियायोगिक र क्रिया पदावली तथा उखान, टुक्का र लोकोक्तिहरूलाई क्षमता र स्तरअनुसार स्तरीकृत ढङ्गले उपयोग गर्न सकिन्छ । त्यसैगरी अनुच्छेद लेखन तहमा पनि स्तरअनुसारका आख्यानात्मक, वर्णनात्मक, भावानात्मक, विवरणात्मक, वस्तुपरक, आत्मपरक, नाटकीय आदि विविध अनुच्छेदका रूपहरूलाई उपयोग गर्न सकिन्छ । माथिल्ला कक्षामा कहिलेकाहीँ अदृष्टांश अनुच्छेदहरूको पनि उपयोग गर्न सकिन्छ तर प्रारम्भिक कक्षाहरूमा भने विद्यार्थीहरूले पढिसकेका दृष्टांश अनुच्छेदहरूको उपयोग नै प्रभावकारी र उद्देश्यपूर्ण हुन्छ (पौडेल, २०७० : ९१) ।

लेखनकला कमजोर हुन नदिन प्रारम्भिक कक्षाबाटै अक्षर लेखनतर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने आवश्यक देखिन्छ । सिर्जनात्मक लेखनका अभ्यास सामान्य व्यावहारिक तथा व्यक्तिगत कार्य सम्पादनका लागि लेखाइको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र नहुने भएकाले बालबालिकाहरूलाई दक्ष बनाउन लेखन शिक्षणको आवश्यक पर्दछ ।

## २.६ परम्परागत नेपाली वर्णमालाको परिचय

बालबालिकाहरूको लेख्य भाषासँग परिचित गराउन सर्वप्रथम शिक्षक आफैं नेपाली भाषामा प्रचलित परम्परागत वर्णमालामा रहेका लिपिचिह्नहरूको स्थितिसँग परिचित हुनुपर्छ । उनीहरूको लेख्य तथा पाठ्यभाषासँग अभिमुख गराउने कार्यकलाप अक्षर चिनारीबाट नै सुरू हुन्छ (भुजेल, २०६६ : १) । निम्नानुसारका लिपिचिह्नहरूले परम्परागत वर्णमालाको प्रतिनिधित्व गरेको पाइन्छ :

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः (१३)

क, ख, ग, घ, ङ

च, छ, ज, झ, ञ

ट, ठ, ड, ढ, ण

त, थ, द, ध, न

प, फ, ब, भ, म

य, र, ल, व, श, ष, स, ह, क्ष, त्र, ज्ञ (३६)

वर्णमालामा रहेका उक्त ४९ वटा लिपिचिह्नहरूको उपयोग गरेर नेपाली भाषा लेख्ने गरिन्छ । बालबालिकाहरूले लिपिबद्ध भाषा पढ्न तथा सिक्नका लागि यी चिह्नहरूको पहिचान गर्नुपर्ने हुन्छ । अतः पढ्न जान्नुभन्दा पहिले वर्णमालाहरूका अक्षरको चिनारी आवश्यक हुन्छ । वर्णमालाका यिनै लिपिचिह्नहरूलाई नै यहाँ अक्षर भनिएको छ ।

## २.७ सग्ला अक्षर चिनारी तथा लेखन शिक्षण

सग्ला अक्षर र मात्रा लागेका अक्षर पहिचान स्थिति जाँच्न अनुलेखन, हस्तलेखन र स्वतन्त्रलेखन ढाँचाको परीक्षण प्रश्नहरू परीक्षणबाट प्राप्त प्राप्ताङ्कका आधारमा स्थिति पहिचान गरिन्छ । परम्परागत वर्णमालामा अक्षरहरूलाई तिनको आकार प्रकारको सरलता जटिलताअनुसारको क्रममा राखिएको हुँदैन त्यसकारण वर्णमालाको परम्परागत क्रमलाई नविगारी 'क' देखि वा 'अ' सम्म अक्षरहरूको चिनारी गराउनुभन्दा पहिले तिनका आकार प्रकारको गहिराइका साथ अध्ययन गरी अक्षरलेखन सजिलो हुने गरी क्रम निर्धारण गर्न सकिन्छ । बालबालिकाहरूलाई सग्ला अक्षर चिनाउनुभन्दा पहिले वर्णमालाका अक्षरहरूको आकार प्रकारअनुसार तिनको सरल जटिलक्रम निर्धारण गरी अक्षरलेखन शिक्षण गराउनु उपयुक्त हुन्छ (अधिकारी र शर्मा, २०७० : ३५) ।

सर्वप्रथम बालबालिकहरूलाई रेखाहरूको आकारप्रकार चिन्ने अभ्यास गराउनु आवश्यक छ । अक्षर बनाउँदा उक्त रेखाहरू कतै पुरा र कतै आधा वा आंशिक रूपमा उपयोगमा आउँछन् । यस्ता रेखाहरूलाई ठूला आकारमा लेखी देखाउन सकिन्छ । साथै ठूला आकारका यस्ता धर्काहरूलाई मोटो कागजका टुक्राहरूमा लेखी टुक्रेपत्ती बनाउन सकिन्छ र बालकहरूलाई टुक्रेपत्ती देखाइ तिनमा लेखिएका जस्तै आकारहरू कोर्ने, लेख्ने, सार्ने जस्ता अभ्यासहरू गराउन सकिन्छ ।

## २.८ आधार अक्षर र त्यसबाट बन्न सक्ने अक्षरहरू

भाषाका चार सिपमध्ये लेखाइ एक महत्त्वपूर्ण सिप हो । मौन रूपमा आफ्ना अभिव्यक्ति प्रकट गर्न लेखाइ सिपको आवश्यकता पर्दछ । प्रारम्भिक तहको पूर्वप्राथमिक कक्षामा लेखनसम्बन्धी अभ्यास गराउँदा विभिन्न कुराहरूमा ध्यान दिनुपर्दछ । अक्षरलेखन सिकाउनका लागि अक्षरमा प्रयोग हुने विभिन्न आकारप्रकारका धर्काहरूलाई स्वतन्त्र रूपले लेख्न अभ्यास गराउन सकिन्छ । जस्तै : 'ग' को आकृति 'म' सिक्दा केही रूपमा 'ग' को आकृति बनाउने अभ्यास हुनुका साथै त्यसलाई 'म' को आकृतिसम्म पुऱ्याउने क्रमशः थप नयाँ अभ्यास पनि हुन जान्छ । 'म' पछि 'भ' र त्यसपछि 'झ' बनाउँदा बालबालिकाहरूलाई लेखन सजिलो हुन्छ । अक्षरलेखन सिकाउनका लागि अक्षरमा प्रयोग हुने विभिन्न आकार प्रकारका धर्काहरूलाई स्वतन्त्र रूपले लेख्न अभ्यास गराउनुपर्दछ । यसका लागि हावामा अक्षरलेखन अभ्यास, अक्षरको खाकामाथि अक्षरलेख्ने अभ्यास, थोप्लामाथि अक्षर लेख्ने अभ्यास आदि गराउँदा हात र आँखाको सन्तुलन मिल्दछ (अधिकारी र शर्मा, २०७१ : ३६) । यसपछि तालिकाअनुसार मुख्य मुख्य आधार अक्षरलेखनको अभ्यास गराएर त्यसपछि मात्र ती आधार अक्षरबाट बन्ने अक्षरहरूको अभ्यास गराउनुपर्दछ ।

**आधार अक्षर र त्यसबाट बन्न सक्ने अक्षरहरू**

| आधार अक्षर | बन्न सक्ने अक्षरहरू |
|---|---|
| ग | म, भ, झ, ण, य, थ |
| त | न, ल, ज, ज्ञ |
| व | ब, क, च |
| ट | ठ, ढ, द, ड, ङ, ह, इ, ई |
| र | ए, ऐ, स, श, ख |
| प | ष, फ, घ, ध, छ |
| उ | ऊ, अ, आ, ओ, औ, अं, अः |
| त्र | ञ, ऋ |

यसरी आधार अक्षरहरूबाट अरू अक्षर सिकाउँदा भाषा शिक्षण सिद्धान्तको एकदमै अनुकूल हुने देखिन्छ । आधार अक्षरबाट अन्य अक्षर सिकाउँदा छिट्टै सिक्न सकिने मानिन्छ । यसलाई परम्परागत वर्णमालाका सट्टाका रूपमा नभई सहयोगीका रूपमा लिनु पर्दछ ।

## २.९ मात्रा सहितका अक्षरको चिनारी

व्यञ्जन अक्षरमा स्वर अक्षर जोडिएपछि त्यसको रूप बदलिन्छ । यसरी व्यञ्जन वर्णमा जोडिने स्वर वर्णलाई 'मात्रा' भनिन्छ । मात्रा सहितका अक्षरहरू बालबालिकाहरूलाई चिन्न सिकाउनुभन्दा पहिले वर्णमालाका अक्षरमा मात्रा लागेका अक्षर कसरी बन्दछन् भन्ने सिकाउनु आवश्यक हुन्छ । देवनागरी लिपिका वर्णमालामा मात्रा जनाउने अलग्गै छन् । तिनमा आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ, औ जस्ता स्वरवर्णका लागि निम्नानुसार मात्रा चिह्नहरूको उपयोग हुन्छ :

| स्वर | मात्रा चिह्न | उदाहरण | |
|---|---|---|---|
| आ | ा | म + ा = मा | मामा, पापा, माया , चाचा |
| इ | ि | द + ि = दि | दिन, शिर, शिव, घिउ |
| ई | ी | त + ी = ती | तीज, खीर, जीउ, उनी |
| ए | ु | फ + ु = फु | फुफू, उखु, आलु, उल्लु |
| ऊ | ू | ध + ू = धू | धूप, दूध, पूजा, सानू |
| ए | े | क + े = के | केरा, भेरी, मेरी, केही |
| ऐ | ै | थ + ै = थै | थैली, भैँसी, बैँसालु, चौँतीस |
| ओ | ो | ट + ो = टो | टोपी, खोला, भोला, चोरी |
| औ | ौ | म + ौ = मौ | मौरी, दौरी, फौज, |

विभिन्न अक्षरमा मात्रा चिह्नहरू लाग्दा तिनको उच्चारण र आकारमा पनि भिन्नता आउँछ । बालकहरूलाई सग्ला अक्षर चिनाएपछि मात्रा लागेका अक्षरहरू चिन्न प्रवृत्त गराउनुपर्छ ।

## २.१० संयुक्त अक्षरहरूको चिनारी

बालकहरूलाई संयुक्त अक्षरहरू सिकाउनुभन्दा पहिले ती अक्षरहरू के कसरी बनेका हुन्छन् भन्ने कुरा शिक्षकले जान्नु आवश्यक छ । बालबालिकाहरूलाई संयुक्त अक्षरहरूको शिक्षण गराउँदा विभिन्न किसिमका संयुक्त अक्षरहरूको सूची बनाई तिनीहरूको सरलदेखि जटिल क्रम निर्धारण गर्नु र उक्त संयुक्त अक्षरको प्रयोग भएका विभिन्न वस्तु तथा नाम जनाउने शब्दहरूका आधारमा तिनको लेखनको अभ्यास गराउनु आवश्यक हुन्छ ।

**संयुक्त अक्षरहरूको सूची**

| | |
|---|---|
| ठाडो धर्को हटाएर | रानी, बत्ती, खेती, झन्डा, जम्मा, सम्म, शब्द, कण्ठ, सत्य, चल्छ, बस्छ |
| अक्षरको केही भाग हटाएर | आफ्नो, आश्चर्य, बोलक्कड, सक्कल, पक्का, जग्गा, उष्ण |
| खुट्टो काटेर | गर्, भन्, पढ्दै, खुट्टा, लठ्ठी, जान्छिन्, श्रीमान, शुभम्, महान्, बद्धिमान् |
| डब्याएर (बई चढाएर) | पट्टि, लट्ठी, खुट्टा, रङ्ग, अङ्क |
| शिरविन्दु लगाएर | अंश, वंश, संवत्, संशय, सशोधन, संस्कार, संस्था, संहार |
| चन्द्रविन्दु लगाएर | आँखा, गाउँ, जाँच, साँचो, जाँगर, आँगन, अँजुली, अँध्यारो |
| रकारसम्बन्धी | सर्प, मिर्ग, गर्न, चर्खा<br>गऱ्यो, मऱ्यो, ऱ्याल<br>राम्रो, ग्राहो, भ्रष्ट, प्रबन्ध, प्रकार<br>राष्ट्र, प्रस्ट, ड्रम<br>दृष्टि, वृक्ष, वृष्टि, विस्तृत, विस्तृष्त |
| अन्य | व्यक्ति/व्यक्ति, भक्त/भक्ति, बत्ती/बत्ती, पत्ती/पत्ती<br>बुद्ध/बुद्ध, शुद्ध/शुद्ध, बुद्धि/बुद्धि, रिद्धि/रिद्धि, सिद्धि/सिद्धि<br>उद्धार/उद्धार, विद्यालय/विद्यालय, विद्यार्थी/विद्यार्थी |

संयुक्त अक्षरको अभ्यास गराउँदा अक्षरहरूको टुक्रेपत्ती र अक्षरपत्तीको समेत उपयोग गरी विभिन्न संयुक्त अक्षरका आकारप्रकारको राम्ररी पहिचान गराउनु पर्छ । यस क्रममा संयुक्त अक्षरहरूलाई पाटी, श्यामपाटी वा कापीमा ठूला आकारमा लेखिदिई

सोहीअनुसार लेख्ने अनुकरण गराउनु पर्दछ । संयुक्त अक्षरहरूको उच्चारण गर्न लगाउँदै लेख्ने अभ्यास गराउनु आवश्यक छ । कतिपय अवस्थामा चन्द्रविन्दुको सट्टा शिरविन्दुको प्रयोग गरी काम चलाइन्छ । तर उच्चारण र अर्थमा फरक पर्न सक्छ तसर्थ चन्द्रविन्दुको प्रयोगमा विशेष सावधानी पुऱ्याउनु पर्ने हुन्छ, अन्तिममा हलन्त (खुट्टो काटेर) लेखिने शब्दहरू उच्चारणअनुसार नलेखिएमा कतिपय स्थितिमा अर्थ फरक पर्न जान्छ, तसर्थ यसको पनि छुट्टै अभ्यास गराउनु आवश्यक हुन्छ । जस्तै : गरिन्/गरिन, सुतिन्/सुतिन, खाइन्/खाइन आदि ।

## २.११ लेखनकला शिक्षणको आवश्यकता र महत्त्व

भाषाका चार सिपमध्ये लेखाइ एक प्रदानात्मक सिप हो । सुनेका, बोलेका, देखेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य लेखाइबाट हुन्छ । ध्वन्यात्मक सङ्केतहरूलाई लिपिका माध्यमबाट अभिव्यक्त गर्दा लिखित भाषाको उपयोग गर्छन् । कथ्य अभिव्यक्तिबाट विचार आदानप्रदान गर्न नसकिने स्थितिमा मानिसले लेखनको सहयोग लिन्छ । तुलनात्मक दृष्टिले लिखित भाषा स्थायी प्रकृतिको हुन्छ । स्थानगत र कालगत सीमा हुँदैन यसमा । व्यक्तिले आर्जन गरेका अनेकौं ज्ञान र सिपलाई आउने पुस्तामा हस्तान्तरण गर्न, एउटा समयको उपलब्धि अर्को समयका लागि सुरक्षित गर्न, इतिहासमा सञ्चित कुराहरूलाई जीवन्त राख्न र आफ्नो भविष्यपछि पनि अरूका निम्ति उपयोगी हुने गरी जोगाइराख्न लेखनकला विशेष उपयोगी हुन्छ (भण्डारी, २०७४ : १) । सामाजिक प्रयोग र उपयोगिताका दृष्टिले लेखनकलाको विशिष्ट महत्त्व हुन्छ । व्यक्तिव्यक्तिका बिच पत्राचार गर्न तथा विभिन्न प्रकारका सैद्धान्तिक ग्रन्थहरूको विचार लिएर प्राज्ञिक उन्नयन गर्न लेखनकला विशेष उपयोगी सिद्ध हुन्छ । मौखिक अभिव्यक्तिको माध्यम एउटा सीमामा पुगेपछि मानिसले आफ्ना अन्तर्मनका विचारको सम्प्रेषण गर्न लेखनकला उपयोगमा ल्याउँछ । चिठ्ठीपत्रका माध्यमबाट र अन्य सामाजिक सम्बन्धका माध्यमबाट आफ्नो प्रतिक्रिया दिन र अरूको प्रतिक्रिया लिन पनि लेखनकलाको उपयोग गरिन्छ । व्यक्तिका मनमा असङ्ख्य भाव र जिज्ञासा सुषुप्त रूपमा रहेका हुन्छन् । ती भावना, कल्पना, संवेगजस्ता कुराहरू लेखेर पनि प्रस्तुत गर्ने गरिन्छ (भण्डारी, २०७४ : २) ।

भाषा व्यक्त गर्ने माध्यम बोलाइ र लेखाइ हुन् भने बोलेको कुरा क्षणभरमै सकिने हुँदा त्यसलाई लामो समयसम्म प्राप्त हुने गरी लिपिबद्ध गर्ने काम लेखाइबाट मात्र सम्भव हुन्छ । हुन त बोलाइलाई पनि टेप रेकर्डर वा अडियो क्यासेटमा रेकर्ड गर्न सकिने भए पनि त्यो सहज र व्यावहारिक हुँदैन । हरेक परिस्थितिमा अभिव्यक्त विचारलाई लेखाइका माध्यमले सुरक्षित राख्न वा प्रापकसमक्ष पुऱ्याउन लेखाइ महत्त्वपूर्ण हुन्छ । कसैको मनको विचारलाई बोलाइबाट व्यक्त गर्न सकिने भए पनि त्यो चिरस्थायी हुँदैन । फेरि बोलाइका लागि वक्ता र स्रोता दुवै पक्षको उपस्थिति आवश्यक हुन्छ । तर मनमा लागेका कुरा लेखाइका माध्यमले टाढाटाढासम्म पुऱ्याउन सकिनुका साथै त्यो लेखाइ लामो समयसम्म राख्न सकिन्छ । कुरालाई सञ्चित सुरक्षित एवम् सङ्गठित रूपमा भविष्यका लागि समेत उपयोग गर्न सकिने बनाउन लेखाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (अधिकारी, २०७३ : २२८) ।

बालबालिकाहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथसाथै लिखित भाषाको अभिव्यक्तिप्रति उन्मुख गराउनु प्रारम्भिक तहमा लेखाइ शिक्षणको अपेक्षा हो । शिक्षण सिकाइ प्रक्रियाका दृष्टिले पनि लेखाइको निकै महत्त्व देखिन्छ । भाषा सिकाइलाई सबल बनाउनका लागि गराइने प्रश्नोत्तर, टिपोट, व्याख्या तयारी आदि गतिविधिमा धेरै जसो लेखाइको उपयोग हुन्छ । लेखन क्षमता विकास गराउन, लेखनमा गति क्रमबद्धता र स्पष्टता ल्याउन लेखाइ सिप नै सहयोगी बनेको हुन्छ । विभिन्न विषयका अभिव्यक्तिहरूलाई प्रसङ्गअनुकूल भाषिक शैलीको छनोट गर्ने क्षमता विकास गर्नका साथै हिज्जे, विरामचिह्न, अनुच्छेद क्रमबद्धताजस्ता यावत कुराहरू मिलाउन पनि लेखाइ सिप उपयोगी हुन्छ । लेखाइबाट विद्यार्थीहरूलाई आफ्नो लेखनमा तीव्रता, क्रमबद्धता, सङ्क्षिप्तता, सुस्पष्टता र शिष्टता जस्ता कुराहरूको निर्वाह गर्न लेखनमा उपयुक्त शैली र ढङ्ग ढाँचाको छनोट गर्न लेख्य नियमअनुसार प्रक्रिया पुऱ्याएर लेख्न, स्वदेश तथा विदेशमा व्यक्तित्त्व निर्माण गरी आफूलाई परिचित तुल्याउन लेखनकलाको आवश्यकता रहेको छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अक्षरलेखन क्षमताका लागि पूर्वप्राथमिक तहका विद्यालयमा अध्ययरत विद्यार्थीहरूको छनोट गरियो । यस छनोटमा महोत्तरी जिल्लाका दुईवटा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको ३० दिनको कक्षा अवलोकनमा यो अध्ययन केन्द्रित रहेको छ ।

अनुसन्धान विधिलाई अध्ययन विधि पनि भनिन्छ । शोधपत्र लेखनका सन्दर्भमा अध्ययन विधिमा नमुना छनोट, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका स्रोतहरू, विश्लेषण आदि कुराहरूको उल्लेख गर्नु आवश्यक हुन्छ । प्रस्तुत अनुसन्धान कार्य कसरी सम्पन्न गरिँदै छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधि वा शोधविधिको विवरण शोधपत्र लेखनका क्रममा सबभन्दा महत्त्वपूर्ण मानिन्छ । यसअन्तर्गत सामग्री सङ्कलनको विधि, प्रक्रिया र अध्ययन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नुपर्छ । त्यसैले अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत, सामग्रीको सङ्कलन र त्यसको परीक्षण एवम् सत्यापनसम्मको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ । शोधविधिअन्तर्गत जनसङ्ख्या तथा प्रतिनिधि नमुना सामग्री वा उपकरण निर्माण, पूर्वपरीक्षण, तथ्य सङ्कलन र सामग्रीको व्याख्या विश्लेषणजस्ता कुराहरू शोधविधिअन्तर्गतका महत्त्वपूर्ण पक्ष हुन् । जस्तो सुकै अध्ययन गर्दा पनि विधिहरूको व्यवस्थित योजना गरिनु आवश्यक हुन्छ । तब मात्र अनुसन्धान कार्य सहजै सम्पन्न हुन्छ । तसर्थ शोधकार्यलाई गन्तव्य स्थानमा पुऱ्याउनको लागि सुस्पष्ट अध्ययन विधि समावेश गरिएको छ ।

उक्त अध्ययन “पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन क्षमताको अध्ययन” भएकाले यो शीर्षक सोझै पूर्वप्राथमिक कक्षामा अध्ययनरत बालबालिकालाई केन्द्रविन्दु मानी सर्वेक्षण विधिलाई आधार बनाएर अध्ययन गरिएको छ । यस अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउन जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण र त्यसको पूर्वपरीक्षण, परीक्षाको कार्यान्वयन तथा तथ्याङ्क सङ्कलन,

सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण तथा प्रस्तुत अध्ययनको प्रारूप तयारमा यिनै विविध सर्वेक्षणात्मक विधिहरूको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क स्रोतहरू

यस शोधकार्यमा निम्नलिखित स्रोतहरूबाट तथ्य सङ्कलन गरी अध्ययन गरिएको छ :

### ३.२.१ प्राथमिक स्रोत

महोत्तरी जिल्लाका दुईवटा सामुदायिक विद्यालयका १०/१० गरी जम्मा २० जना विद्यार्थीहरूका कक्षामा सँगसँगै बसी उनीहरुले लेखेका उत्तरपुस्तिका सङ्कलन गरिएको छ । साथ साथै ६ हप्ताभित्र उनीहरुले लेखन अभ्यासमा गरेका उ.पु. लाई प्राथमिक सामग्री मानिएको छ ।

### ३.२.२ द्वितीय स्रोत

प्रस्तुत अध्ययनका क्रममा पूर्वप्राथमिक कक्षाका बालबालिकाको अक्षरलेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित प्रत्यक्ष अप्रत्यक्ष रूपमा रहेका विभिन्न सन्दर्भ सामग्रीहरू अनुसन्धानात्मक लेखहरूलाई द्वितीय स्रोतको रूपमा लिएर अध्ययन गरिएको छ । त्यस्तै शोधकार्यलाई परिणाममुखी बनाउन सम्बन्धित भाषाका विज्ञहरू, विद्वानहरू, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह र मार्गनिर्देशनलाई अपनाइएको छ ।

## ३.३ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि बनाइएको विस्तृत योजनालाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान ढाँचामा उद्देश्य पूरा गर्ने दृष्टिले योजना बनाइएको हुन्छ । अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरूको सङ्कलन तथा विश्लेषण गर्ने कार्य थोरै खर्चमा पूर्ण हुन सकोस् भनी बनाइएको प्रक्रिया नै अनुसन्धान ढाँचा हो । यसमा अनुसन्धानका प्रश्नहरूको उत्तर खोजिएको हुन्छ र तर्कपूर्ण व्यवस्थित र निर्दिष्ट योजना बनाइएको हुन्छ । यस योजनामा तथ्याङ्क सङ्कलन मापन र विश्लेषणको खास पद्धति निर्धारण गरिएको हुन्छ । यसर्थ अनुसन्धान कार्यको बृहत् योजना नै अनुसन्धान ढाँचा हो । प्रस्तुत अध्ययनमा मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित भएर शोधकार्य अगाडि बढाइएको छ ।

## ३.४ जनसङ्ख्या र नमुना छनोट

अनुसन्धानमा जनसङ्ख्या भनेको एकै प्रकारका विशेषता भएका व्यक्तिहरूको समुदाय हो । एकै प्रकारका वस्तु वा विषयहरूको समग्र स्थितिलाई नै जनसङ्ख्या भनिन्छ । यस अध्ययनका लागि शैक्षिक सत्र २०७४ मा महोत्तरी जिल्लाका दुईवटा सामुदायिक विद्यालयका पूर्वप्राथमिक कक्षामा अध्ययनरत समग्र बालबालिकालाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

निर्धारित जनसङ्ख्याबाट छनोट गरिएको सानो अंश अथवा एकाइ नै नमुना छनोट हो । अनुसन्धान गर्नका लागि लक्षित जनसङ्ख्याबाट एकै प्रकारको विशेषताहरू भएको सानो समूह छनोट गर्नु नै नमुना छनोट हो । सम्पूर्ण जनसङ्ख्याको अध्ययन अनुसन्धान गर्न सम्भव र व्यावहारिक नहुने भएकाले प्रतिनिधित्व हुने गरी नमुना छनोट गर्नु पर्ने हुन्छ । प्रस्तुत अध्ययनमा महोत्तरी जिल्लाका पूर्वप्राथमिक कक्षामा अध्ययनरत २० जना बालबालिकाहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । दुईवटा सामुदायिक विद्यालयका २० जना विद्यार्थीलाई प्रतिनिधिको रूपमा लिइएको छ । दुईवटै विद्यालयबाट १०/१० जना विद्यार्थीहरू नमुनाको रूपमा लिइएको छ । नमुना छनोट गर्दा सम्भाव्य नमुना छनोट पद्धतिअन्तर्गत यादृच्छिक नमुना छनोट अपनाइएको छ । ती दुईवटा विद्यालयबाट १०/१० जना गरी जम्मा २० जना बालबालिकाहरूलाई छनोट गरिएको छ ।

## ३.५ सामग्री निर्माण

अनुसन्धानमा प्रयोग गरिने सामग्री व्यवस्थित र वैज्ञानिक तरिकाले निर्माण गरिएको हुन्छन् । सामग्रीहरू प्राथमिक र द्वितीय गरी दुई किसिमका हुन्छन् । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने भएकाले सोही अनुरूप सामग्री निर्माण गर्नु आवश्यक ठानियो । पूर्वप्राथमिक तहका बालबालिकाहरूका लागि अक्षरलेखन जटिल कार्य हो । उक्त लेखन प्रकारका १० वटा प्रश्नहरूको प्रश्नपत्र बनाएर सामग्री सङ्कलन गरिएको छ । उक्त प्रश्नपत्र बनाउने क्रममा शोधनिर्देशकको आवश्यक सल्लाह, सुझावद्वारा चयन गरिएको छ । सामग्री निर्माणको क्रममा पूर्वप्राथमिक कक्षाको नेपाली विषयको पाठ्यपुस्तकलाई आधार मानेर अक्षरलेखन क्षमता पहिल्याउन हस्तलेखन, अनुलेखन, स्वतन्त्रलेखन प्रकृतिका प्रश्नहरू निर्माण गरी कार्यान्वयन गरिएको छ । यसका लागि सग्ला अक्षर र मात्रा लागेका अक्षर निर्माणमा पाठ्यपुस्तकको उपयोग गरिएको छ ।

# अध्याय चार

# व्याख्या र विश्लेषण

## ४.१ विषयप्रवेश


महोत्तरी जिल्लाका पूर्वप्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको अक्षरलेखन क्षमताको अध्ययन शीर्षकमा केन्द्रित रही गरिएको शोधका प्राप्ति तथा उपलब्धिहरूलाई यस अध्यायमा विश्लेषण गरिएको छ । त्यस क्रममा दुईवटा प्रविधि प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । पहिलो पद्धतिमा विद्यार्थीहरूले कक्षा प्रारम्भ गरेदेखि ३० दिनसम्म गरेका अभ्यासात्मक लेखन कार्यकलापहरूको उत्तरपुस्तिका सङ्कलन गरी त्यसको तुलनात्मक प्रस्तुति समावेश गरिएको छ । त्यस्तै दोस्रो तहमा अनुसन्धानका सिलसिलामा तयार गरिएको प्रश्नावलीलाई मुख्य आधार मानिएको छ । यस्तो प्रश्नावलीमा १० प्रकारका प्रश्नहरू समावेश गरिएका छन् । पहिलो प्रश्नमा विन्दु-विन्दुका आधारमा स्वर व्यञ्जन, अक्षर तयार गर्न सक्ने क्षमतालाई आधार बनाइएको छ भने निर्देशित स्वर व्यञ्जन वर्णहरूलाई दुई हरफमा अनुलेखन गर्न दिइएको छ र स्वरवर्ण तथा व्यञ्जन वर्णको लेखाइका सिलसिलामा सानो कक्षाका विद्यार्थीहरूले के कसरी त्यसप्रकारको सिप आर्जन गर्छन् भन्ने कुरा यस प्रश्नको माध्यमबाट देखिन आएको छ । विशेषगरी पूर्वप्राथमिक विद्यालयका पाठ्यसामग्रीहरूमा पाइने सग्ला अक्षरहरूको लेखन अभ्यासमा निम्नलिखित उदाहरणहरू प्रस्तुत गरिएको पाइन्छ :

## ४.२ पूर्वप्राथमिक कक्षा/कक्षा १ मा प्रस्तुत गरिएको सरकारी पाठ्यपुस्तकहरूको सन्दर्भ


यस सामग्रीको पहिलो पाठमा ताराबारी लैलै भन्ने बालगीत समावेश गरिएको छ । यस गीतको शिक्षणको तात्पर्य अक्षर चिनाउने वा शिक्षण गर्ने होइन । बालबालिकाहरू कक्षामा आउनासाथ उनीहरूले विद्यालयको जीवन्त वातावरण पाउन् भन्ने उद्देश्यले रमाइलो प्रकारले गाउने, नाँच्ने र रमाउने अपेक्षा यसमा गरिएको हो । लगत्तै यसका पाठहरूमा चिन र भन जस्ता सङ्केतद्वारा विभिन्न जनावरहरूको चित्र दिइएको छ । यसको तात्पर्य के हो भने उनीहरूले आफ्नो व्यावहारिक जीवनमा देखेका गाई, विरालो, कुकुर र हात्ती जस्ता जनावरहरूका नाम चित्र हेरेर भन्न सकुन् भन्ने नै हो । त्यस्तै यसै पाठका

अभ्यासमा विभिन्न चित्रहरूका बिचमा नमिल्ने चित्रहरू दिएर छुट्याउन लगाउने अभ्यास गराइएको छ ।


यस पाठ्यसामग्रीको दोस्रो पाठमा विभिन्न प्रकारका चराहरूको चित्र दिएर तिनका नामहरू बताउने अभ्यासहरू छुट्याइएका छन् । पाठ चारमा विभिन्न बाजाहरूका चित्र र तिनीहरूसँग नमिल्ने अन्य थप चित्रहरू समेत दिई चित्रभाषाका माध्यमबाट अक्षर सिकाउने प्रयत्न गरिएको पाइन्छ ।




पाठ पाँचमा पुगेपछि चित्रहरू हेरेर छोटो कथा तयार गर्ने र मौखिक रूपमा प्रस्तुत गर्ने अभ्यासहरू दिइएको छ । जुन चित्र तल प्रस्तुत गरिएको छ :




यसै पाठ्यसामग्रीको पृष्ठ १० मा अभ्यासका रूपमा अक्षरलेखनका धर्काधर्की र सग्ला अक्षरहरूको नमुना अभ्यासका रूपमा दिइएको छ । यी अभ्यासहरू विद्यार्थीहरूले कक्षा कार्यकलापका रूपमा गर्न सक्ने प्रकृतिका छन् । जस्तैः



१. तलका लहरमा कुन मिल्दैन, खोज :

म भ भ भ

ग ग म ग

झ झ झ भ


२. कापीमा सार :

पाठ सोह्रमा पुगेपछि मात्रै स्वर व्यञ्जन वर्णहरूको लेखनमा जोड दिइएको छ । त्यसपछि विभिन्न प्रकारका मात्राहरू थप गर्दै अभ्यासात्मक कार्यकलापहरू बढाउँदै लगेको पाइन्छ । यस पृष्ठभूमिमा शोधार्थीले महोत्तरी जिल्लाका निर्धारित विद्यालयका विद्यार्थीहरूसँग गरेका कार्यकलापहरूमा निकै भिन्नता पाइन्छ । सरकारी पाठ्यसामग्रीअनुसार कार्यकलापहरू नगरेको पाइयो । खासगरी यी प्रारम्भिक दिनहरूमा विद्यार्थीहरूलाई शिक्षक

शिक्षिकाले नमुना, वर्ण वा अक्षरका रूपमा लेख्ने, अभ्यास गराउने, थोप्ला थोप्ला दिएर अक्षरको आकार तयार गर्ने, चित्रका माध्यमबाट अक्षरहरू तयार गर्ने जस्ता अभ्यासहरू गराइएको छ । कतिपय अभ्यासहरू सरकारी विद्यालयभन्दा निजी विद्यालयका पाठ्यसामग्रीमा प्रयाप्त भिन्नता पाइन्छ । खासगरी सरकारी विद्यालयका तुलनामा निजी विद्यालयहरूबाट तयार गरिएका पाठ्यसामग्रीहरूमा अलि बढी स्तरीकरण गरिएको छ । ढङ्गढाँचा एउटै भएपनि क्रियाकलाप र अभ्यासात्मक गतिविधि अलि भिन्न प्रकृतिका देखिन्छन् ।

## ४.३ अक्षर लेखन क्षमता र प्रगति

**पहिलो चरण**




उपर्युक्त गोलाकार चिह्नका साथै अर्धगोलाकार रेखा एवम् छड्के चिह्नहरूको समेत प्रारम्भिक कक्षामा अभ्यास गराउने अपेक्षा गरिएको पाइन्छ । यसप्रकारको अभ्यासमा सम्बन्धित कक्षाका विद्यार्थीहरूले अत्यन्त न्यून प्रकारको अभ्यास गरेको पाइयो । यस्तो रेखा तान्ने, अर्धरेखा बनाउने, गोलाकार चिह्न प्रयोग गर्ने जस्ता प्रारम्भिक कार्यकलापहरूमा विद्यार्थीहरूले व्यवस्थित रूपमा अक्षर लेखन गर्न नसकेको देखियो ।


**दोस्रो चरण**

सरकारी वा निजी विद्यालयका विद्यार्थीहरूका निम्ति तयार पारिएका विभिन्न पाठ्यसामग्रीमा विद्यार्थीहरूलाई अक्षर लेखाउनका निम्ति दिइएका निम्नलिखित अभ्यासहरू हेर्दा विद्यार्थीहरूको परिणाम निम्नानुसार रहेको पाइयो । सग्ला अक्षर लेखनका

क्रममा विद्यार्थीहरू निकै अलमलिएको देखियो । त्यस्ता अक्षरहरूको लेखनका निम्ति गराइएको अभ्यासमा प्राप्त नमुना यसपछिको पृष्ठमा दिइएको छ :

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| च | छ | ज | झ | ञ |
| ट | ठ | ड | ढ | ण |
| त | थ | द | ध | न |
| प | फ | ब | भ | म |
| य | र | ल | व | |
| श | ष | स | ह | |
| | क्ष | त्र | ज्ञ | |






**तेस्रो चरण**


यस चरणअन्तर्गत विद्यार्थीहरूलाई बजारमा उपलब्ध पाठ्यसामग्रीमा दिइएका शब्दसङ्केतका आधारमा अक्षर लेख्न वा पहिचान गर्न अभ्यास गराउने सामग्री रहेका छन् । तल दिइएका कलम, लमक, मकल, कमल, मलमल, मलम जस्ता शब्दहरूका माध्यमबाट अक्षर चिनाउने र तदनुसारको नक्कल गरी अक्षर लेख्न अभ्यास गराइएकोमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक रहेन ।



कलम



लमक


मकल


कमल


मलमल


मलम



**चौथो चरण**

यसअन्तर्गत विद्यार्थीहरूलाई दिइएका अभ्यासहरूमध्ये तलको उत्तरपुस्तिकामा प्रस्तुत गरिएको छ :

१. विन्दुलाई हेरी विन्दुमाथि अक्षर बनाऊ । २

क ख ग घ

(१.५)

२. तलका वर्णपत्ती हेरेर अक्षरहरू लेख । ३

| ग | म | भ | ण | ञ |
|---|---|---|---|---|
| ग | म | भ | ण | ञ |

(२.५)

३. तलका व्यञ्जन वर्णहरू दुई हरफमा सार । ५

श ट ठ त प

श ट ठ त प

श ट ठ त प

(२.५)

४. तलका स्वर वर्णहरू दुई हरफमा सार । ५

अ इ उ ए ऋ

अ इ उ ए ऋ

(२.५)

५. तलका अक्षरलाई आकार लगाएर लेख । ५

| क | ख | ग | म | त |
|---|---|---|---|---|

६. उदाहरणमा जस्तैः अक्षरलाई इकार (ि) लगाएर लेख । ५


| त | थ | द | ध | प |
|---|---|---|---|---|

७. उदाहरणमा दिए जस्तै अक्षरलाई ओकार (ो) लगाएर लेख । ५


| प | फ | थ | य | र |
|---|---|---|---|---|

८. आफूले जानेका ५ वटा अक्षर लेख । ५

९. क देखि ञ सम्मका अक्षर लेख ।



१०. अ देखि अः सम्मका अक्षर लेख ।



यस चरणमा विशेषगरी विन्दु विन्दुका माध्यमबाट अक्षर निर्माण गर्ने, वर्णपत्ति हेरेर अक्षर लेख्न लगाउने, स्वर-व्यञ्जन वर्णको अनुलेखन गर्ने, आ मात्रा लगाएर का, खा ... इत्यादि शब्द बनाउन लगाउने, ( ि ) मात्रा लगाएर ति, पि, ..... इत्यादि र आफूले जानेका स्वतन्त्र ५ ओटा अक्षर लेख्न लगाउने र अन्तमा क देखि ञ सम्मका अक्षर लेख्न लगाउने जस्ता अभ्यासहरू दिइएकामा करिब चौथो हप्ताभित्र विद्यार्थीहरूले गरेको प्रगति सन्तोषजनक देखिएको छ । यसप्रकारको अवस्थामा जम्मा ४० प्रतिशत जति विद्यार्थीहरू रहेको पाइएको छ । सामान्यतः त्यस्ता बालबालिकाहरूलाई कक्षामा अभ्यास गराउँदा समान प्रकृतिको वातावरण, समान किसिमको अभ्यासात्मक कार्यकलाप तथा चित्र र मात्राको सन्तुलित लेखन हुनुपर्नेमा यसभित्र विद्यार्थीहरू थोरै सङ्ख्यामा सफल देखिएका छन् । यसो हुनुमा कक्षाको कार्यकलाप र शिक्षक शिक्षिकाहरूको शिक्षण प्रविधि मुख्य जिम्मेवार रहेका छन् ।

यसरी समग्रमा उपर्युक्त दुईवटा विद्यालयका २० जना विद्यार्थीहरूको अक्षर लेखनसम्बन्धी अभ्यासात्मक कार्यकलापबाट प्राप्त तथ्यहरूको विश्लेषण गर्दा पहिलो चरणमा विद्यार्थीहरू सामान्य रेखा तान्ने, छड्के रेखा तान्ने, योजनाविहिन चिह्न प्रयोग गर्ने, गोलाकार, अर्धगोलाकार चिह्न प्रयोग गर्ने र त्यस्ता चिह्नहरूको अव्यवस्था र सरसफाईमा कमी देखियो भने दोस्रो चरणमा तिनै विद्यार्थीहरूमध्ये करिब ६० प्रतिशत विद्यार्थीले निर्धारित अक्षर लेखनमा प्रगति गरेको देखियो । समान किसिमको प्रगति नहुनु स्वाभाविकै हो तथापि यस प्रकारका कक्षाहरूमा विद्यार्थीलाई केन्द्रित गरेर बढीभन्दा बढी प्रयोगात्मक कार्यकलापहरू गराउनुपर्ने र कक्षाकोठा बालमैत्री र सिकाइमैत्री हुनुपर्नेमा यो कुरामा पनि कमजोरी रहेको पाइयो । तेस्रो चरणमा तिनै विद्यार्थीहरूरको अक्षर लेखनको अभ्यासलाई हेर्दा दोस्रो चरणमा उल्लेख भएको प्रतिशतभन्दा १० प्रतिशत कम विद्यार्थीले अपेक्षित रूपमा सफलता प्राप्त गरेको देखिन्छ । यसको तात्पर्य के भने विद्यार्थीहरूलाई अक्षर लेखनमा उत्प्रेरित गर्ने र अभ्यासमा आकर्षित गर्ने कार्यकलाप सन्तोषजनक नरहेको पाइयो । उपर्युक्त दुई विद्यालयका जम्मा २० जना विद्यार्थीको समग्र परिणाम हेर्दा जम्माजम्मी ३० देखि ४० प्रतिशत विद्यार्थीले सन्तोषजनक रूपमा अक्षर लेखनको अभ्यासतर्फ आकर्षित भएका देखिन्छन् । यस्ता विद्यार्थीहरूमा धेरैजसो नेपाली मातृभाषी विद्यार्थीहरूको संख्या रहेको छ । दोस्रो भाषी विद्यार्थीहरूको अवस्था तुलनात्मक दृष्टिले अझ कमजोर रहेको पाइन्छ । यीमध्ये एकाध विद्यार्थीहरूले एकाध अक्षरलाई राम्ररी अनुकरण गरी लेख्ने गरेको र कतिपय अक्षरहरूको अनुलेखन पनि सही रूपमा गरेको देखियो ।

उपर्युक्त यी तथ्यहरूबाट के प्रस्ट हुन्छ भने हाम्रो विद्यालय शिक्षणको विधि पुरानै किसिमको रहेको पाइन्छ र शिक्षकशिक्षिकाहरूले ससाना नानीहरूलाई विद्यालय प्रवेश गराउने वित्तिकै के कस्तो प्रकारले उनीहरूलाई पठन र लेखनमा सक्रिय तुल्याउनुपर्छ र आकर्षित गर्नुपर्छ भन्ने तर्फ पनि चासो र चिन्ता नरहेको पाइयो । विशेषत शिक्षकहरू नै बालबालिकाहरूका केन्द्रविन्दु हुने हुनाले उनीहरूबाट जेजस्ता कार्यकलाप सम्पन्न गरिन्छन् तिनीहरूलाई नै आधार बनाइन्छ । भनिन्छ अनुकरणबाट सिकिन्छ । अनुकरण गर्ने कुरा नमुना योग्य भयो भने अनुकृत विषय पनि उपयुक्त हुन आउँछ । कतिपय विद्यार्थीहरूका अभिभावकहरूले नानीहरूलाई घरमै अक्षर लेख्नका निम्ति उत्प्रेरित गरेको र केही अभ्यास

गरी विद्यालय पठाउने गरेको पाइयो । धेरैजसो अभिभावकहरूले कोरा विद्यार्थीहरूलाई विद्यालयमा पठाउने र उनीहरूको लेखन पठनसम्बन्धी सम्पूर्ण जिम्मेवारी शिक्षक र विद्यालयकै हो भन्ने मनोवृत्ति देखिन्छ । यस्तो प्रवृत्तिले पनि अपेक्षित उपलब्धि हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपादेयता

भाषा विचार विनिमयको महत्त्वपूर्ण साधन हो । मानव सभ्यताको विकाससँगै भाषाको पनि विकास भएको पाइन्छ । आज नेपाली भाषाको प्रयोग क्षेत्र निकै व्यापक भइसकेको छ । भाषाका चार सिपहरूमध्ये लेखाइ एउटा महत्त्वपूर्ण प्रदानात्मक सिप हो पढेका, बोलेका, सुनेका, देखेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्ने लेखाइबाट मात्र हुन्छ । लेखाइको महत्त्व त्यतिबेला मात्र हुन्छ, जतिबेला वक्ताले बोलेका कुरा श्रोत्ताले सामुन्ने बसेर सुन्न सक्दैन् तसर्थ लेखाइ एउटा महत्त्वपूर्ण सिप हो ।

प्रस्तुत अध्ययनको उद्देश्य महोत्तरी जिल्लाका पूर्वप्राथमिक कक्षामा अध्ययन गर्ने बालबालिकाहरूको अक्षरलेखन क्षमताको अध्ययन गर्नु रहेको छ । यसअनुसार विद्यालय प्रकृतिका आधारमा राखिएका तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरी निम्नलिखित सारांश, निष्कर्ष र उपयोगिताहरूलाई समेटिएको छ ।

## ५.१ सारांश

प्रस्तुत शोधपत्रलाई जम्मा पाँच अध्यायमा विभक्त गरी अध्ययन गरिएको छ । अध्याय एकमा शोधपरिचय भनी शीर्षक रहेको छ । उक्त अध्यायमा पृष्ठभूमि समस्याकथन उद्देश्य, सीमाङ्कन र रूपरेखा प्रस्तुत गरिएका छन् । यस शोधमा महोत्तरी जिल्लाका पूर्वप्राथमिक कक्षामा अध्ययनरत बालबालिकाहरूको अक्षरलेखन अभ्यास कस्तो छ ? पूर्वप्राथमिक कक्षाका बालबालिकाले अक्षरलेखनको अभ्यास कसरी गर्दछन् ? भनी समस्या राखिएको छ । उक्त समस्या समाधानका लागि दुईवटा उद्देश्यहरू राखिएका छन् ती हुन् पूर्वप्राथमिक कक्षामा अध्ययनरत बालबालिकाहरूको अक्षरलेखन क्षमताको तुलनात्मक पहिचान गर्नु राखिएको छ । उद्देश्य, सीमाङ्कन र रूपरेखा गरी शोधलाई अगाडि बढाइएको छ ।

अध्याय दुईको शीर्षक पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेको छ । यसअन्तर्गत विभिन्न पुस्तक र पूर्वकार्यमा पुनरावलोकन, शोधशीर्षकसँग सम्बन्धित रहेर सैद्धान्तिक अवधारणा प्रस्तुत गरी अक्षरलेखन क्षमताको परिचय, प्रकार, लेखनकला

विकासका प्रारम्भिक कार्यकलाप र अक्षरलेखनको आवश्यकता र महत्त्वजस्ता महत्त्वपूर्ण धारणा प्रस्तुत गरिएको छ ।

अध्याय तिनमा नमुना छनोटका रूपमा महोत्तरी जिल्लाका दुईवटा सामुदायिक विद्यालयका पूर्वप्राथमिक कक्षामा अध्ययनरत बालबालिकाहरूमा १०/१० जनाका दरले जम्मा २० जना विद्यार्थीहरू (बालबालिकाहरू) लिइएको छ । नमुना छनोट गरी सामग्री निर्माणका लागि प्रश्नावली निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

अध्याय चारमा शोधकार्यको विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता शीर्षक रहेको छ । अध्ययनको सारांशअन्तर्गत सबै अध्यायका कुराहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधका उपयोगिताहरूलाई यहाँ नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्री सूची दिइएको छ ।

## ५.२ निष्कर्ष

दुईवटा विद्यालयका २० जना विद्यार्थीहरूको अक्षर लेखनसम्बन्धी अभ्यासात्मक कार्यकलापबाट प्राप्त तथ्यहरूको विश्लेषण गर्दा पहिलो चरणमा विद्यार्थीहरू सामान्य रेखा तान्ने, छड्के रेखा तान्ने, योजनाविहिन चिह्न प्रयोग गर्ने, गोलाकार, अर्धगोलाकार चिह्न प्रयोग गर्ने र त्यस्ता चिह्नहरूको अव्यवस्था र सरसफाईमा कमी देखियो भने दोस्रो चरणमा तिनै विद्यार्थीहरूमध्ये करिब ६० प्रतिशत विद्यार्थीले निर्धारित अक्षर लेखनमा प्रगति गरेको देखियो । समान किसिमको प्रगति नहुनु स्वाभाविकै हो तथापि यस प्रकारका कक्षाहरूमा विद्यार्थीलाई केन्द्रित गरेर बढीभन्दा बढी प्रयोगात्मक कार्यकलापहरू गराउनुपर्ने र कक्षाकोठा बालमैत्री र सिकाइमैत्री हुनुपर्नेमा यो कुरामा पनि कमजोरी रहेको पाइयो । तेस्रो चरणमा तिनै विद्यार्थीहरूको अक्षर लेखनको अभ्यासलाई हेर्दा दोस्रो चरणमा उल्लेख भएको प्रतिशतभन्दा १० प्रतिशत कम विद्यार्थीले अपेक्षित रूपमा सफलता प्राप्त गरेको देखिन्छ । यसको तात्पर्य के भने विद्यार्थीहरूलाई अक्षर लेखनमा उत्प्रेरित गर्ने र अभ्यासमा आकर्षित गर्ने कार्यकलाप सन्तोषजनक नरहेको पाइयो । उपर्युक्त दुई विद्यालयका जम्मा २०

जना विद्यार्थीको समग्र परिणाम हेर्दा जम्माजम्मी ३० देखि ४० प्रतिशत विद्यार्थीले सन्तोषजनक रूपमा अक्षर लेखनको अभ्यासतर्फ आकर्षिक भएका देखिन्छन् । यस्ता विद्यार्थीहरूमा धेरैजसो नेपाली मातृभाषी विद्यार्थीहरूको संख्या रहेको छ । दोस्रो भाषी विद्यार्थीहरूको अवस्था तुलनात्मक दृष्टिले अझ कमजोर रहेको पाइन्छ । यीमध्ये एकाध विद्यार्थीहरूले एकाध अक्षरलाई राम्ररी अनुकरण गरी लेख्ने गरेको र कतिपय अक्षरहरूको अनुलेखन पनि सही रूपमा गरेको देखियो ।

हाम्रो विद्यालय शिक्षणको विधि पुरानै किसिमको रहेको पाइन्छ र शिक्षक शिक्षिकाहरूले ससाना नानीहरूलाई विद्यालय प्रवेश गराउने वित्तिकै के कस्तो प्रकारले उनीहरूलाई पठन र लेखनमा सक्रिय तुल्याउनुपर्छ र आकर्षित गर्नुपर्छ भन्ने तर्फ पनि चासो र चिन्ता नरहेको पाइयो । विशेषत शिक्षकहरू नै बालबालिकाहरूका केन्द्रविन्दु हुने हुनाले उनीहरूबाट जेजस्ता कार्यकलाप सम्पन्न गरिन्छन् तिनीहरूलाई नै आधार बनाइन्छ । भनिन्छ अनुकरणबाट सिकिन्छ । अनुकरण गर्ने कुरा नमुना योग्य भयो भने अनुकृत विषय पनि उपयुक्त हुन आउँछ । कतिपय विद्यार्थीहरूका अभिभावकहरूले नानीहरूलाई घरमै अक्षर लेख्नका निम्ति उत्प्रेरित गरेको र केही अभ्यास गरी विद्यालय पठाउने गरेको पाइयो । धेरैजसो अभिभावकहरूले कोरा विद्यार्थीहरूलाई विद्यालयमा पठाउने र उनीहरूको लेखन पठनसम्बन्धी सम्पूर्ण जिम्मेवारी शिक्षक र विद्यालयकै हो भन्ने मनोवृत्ति देखिन्छ । यस्तो प्रवृत्तिले पनि अपेक्षित उपलब्धि हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ उपयोगिता

शोधकार्यका शैक्षिक उपयोगिताहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत तह

- यस अध्ययन अक्षर लेखन क्षमतासँग सम्बन्धित अन्य अध्ययन अनुसन्धानका लागि आधार बन्नेछ ।
- व्यावहारिक लेखन सिपको महत्त्वलाई स्पष्ट रूपमा दर्साउँनेछ ।
- यस अध्ययनले भाषिक सिपका विविध पक्षहरूमा थप अनुसन्धान गर्ने आधार प्रदान गर्नेछ ।

- यस अध्ययनले भाषा शिक्षणका विविध पक्षहरूमा अध्ययन अनुसन्धान गर्न आधार प्रदान गर्नेछ ।
- प्रस्तुत अध्ययनले लेखाइ सिप विकासका लागि आवश्यक आधार प्रदान गर्नेछ ।

### ५.३.२ प्रयोगगत तह

- प्रस्तुत अध्ययनले विद्यार्थीहरूको लेखन सिप क्षमताको पहिचान गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउने छ ।
- दैनिक जीवनमा आवश्यक व्यावहारिक लेखन सिप विकासमा सहयोग पुऱ्याउने छ ।
- लेखाइका क्रममा विद्यार्थीहरूले गर्ने भाषिक त्रुटिहरूको पहिचान गरी निराकरणमा सहयोग पुऱ्याउने छ ।
- विद्यार्थीहरूको सिकाइस्तर र रुचिलाई ध्यान दिँदै कक्षा कार्यकलाप गराउनुपर्नेमा सहयोग पुऱ्याउने छ ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०७३/६४), *निम्न माध्यमिक शिक्षक स्रोत सामग्री भाग २,* काठमाडौँ : आशिष बुक हाउस प्रा. लि. ।

अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : कुञ्जन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०७३), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, बालकुमारी (२०७१), *इलाम जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

खनाल, अम्बिका (२०७३), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न पहिचान क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति, प्रथम संस्करण,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

ढकाल, लेखनाथ (२०७२), *महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग,  त्रि. वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६६/६७), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

थापा, सविना (२०६९), *काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

दाहाल, दुर्गा (२०७२), *कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

धिमाल, सरिता (२०६९), *कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *साहित्यशास्त्र नेपाली सामालोचना र शोधविधि,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग, प्रथम र दोस्रो संस्करण,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा. लि. ।

भट्टराई, शारदा (२०६८), *बालकक्षा (पूर्वप्राथमिक) मा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन, पहिलो संस्करण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुजेल, ध्रुवकुमार (२०६६), *नेपाली व्याकरण तथा रचना,* राजविराज : उत्तम प्रकाशन ।

महरा, जयन्ती (२०७३), *कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

शर्मा, केदार र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी भण्डार ।

शर्मा, लालबहादुर (२०७३), *कक्षा पाँचमा अध्ययनरत अवधीभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि.कीर्तिपुर ।

सिलवाल, सावित्री (२०६६), *कक्षा २ मा अध्ययनरत बालबालिकाहरूको अक्षरलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

## परिशिष्ट (क)

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयको नाम

१. श्री किशोरी जनता उच्च माध्यमिक विद्यालय, हरिहरपुर हरिणमरी, महोत्तरी

२. श्री जनता आधारभूत (०-८) विद्यालय, महदैया, महोत्तरी

# व्यक्तिवृत्त

नाम : रिंकी कुमारी यादव

ठेगाना : सर्लाही - ५, हरिपुर्वा

बुवाको नाम : नागेन्द्र राय यादव

आमाको नाम : बिमला देवी यादव

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

मोबाइल नं. : ९८६११५६८१३

शैक्षिक योग्यता

| क्र.सं. | उतीर्ण तह | शिक्षण संस्थाको नाम | उतीर्ण वर्ष |
|---|---|---|---|
| १. | एस.एल.सी. | श्री केश्वर गरीब उच्च माध्यमिक विद्यालय, हरिपुर्वा | २०६४ |
| २. | प्रवीणता प्रमाणपत्र तह | युनिभर्सल एकेडमी क्याम्पस, जनकपुर | २०६७ |
| ३. | स्नातक | युनिभर्सल एकेडमी क्याम्पस, जनकपुर | २०१३ |
| ४. | स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | २०७४ |